लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

ग्राहक प्रति

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित



रहेनन् संगीतका रत्न पृष्ठ ६

लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300,
Ext: 112, 108

काठमाडौं । वर्ष १५, अंक २२२, काठमाडौं, शुक्रबार ८ माघ २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Friday 22 January 2016 । पृष्ठ : ८ मूल्य रु. ५/-

# रंगेली र डाइनियामा हिंसात्मक झडप

## ३ को मृत्यु, ७ घाइते, केहीको अवस्था गम्भीर

सुदीप कोइराला/राजधानी
मोरङ, ७ माघ

मोरङको पुरानो सदरमुकाम रंगेली र डाइनियामा बिहीबार प्रहरी र मधेसी मोर्चाका कार्यकर्ताबिच भएको झडपमा तिन जनाको ज्यान गएको छ । झडपमा प्रहरीले चलाएको गोली लागेर द्रौपदी चौधरी, महादेव ऋषिदेव र शिवु माझीको ज्यान गएको हो ।

घटनामा मारिएकी रंगेलीकी ५८ वर्षीया द्रौपदी चौधरी आफन्तका घरमा जाँदै गर्दा प्रहरीको गोली लागेर ढलेकी थिइन् । उनी स्थानीय राप्रपाका कार्यकर्ता कृष्ण चौधरीकी पत्नी हुन् ।

उता, कार्यक्रम सकेर फर्किंदै गरेका युवा संघका कार्यकर्तालाई रोकेर लखेट्न थालेपछि डाइनियामा भएको प्रहरी र मोर्चा कार्यकर्ताबिचको झडपमा डाइनिया-९ का २० वर्षीय शिवु माझीको मृत्यु भएको हो । महादेवको उपचारका क्रममा मृत्यु भएको हो । झडपमा सत्यनारायण मण्डल, मुना साहलगायतका घाइते भएका छन् । घाइतेहरूको कोसी अञ्चल अस्पताल, गोल्डेन अस्पताललगायतमा उपचार भइरहेको छ ।

एमालेसम्बद्ध युवा संघ नेपालले मधेस जागरण अभियानअन्तर्गत आयोजना गरेको बृहत् जनसभालाई बिथोल्न खोज्दा प्रहरी र मोर्चाका कार्यकर्ताबिच झडप भएको हो । झडपमा कम्तीमा सात जना घाइते भएका छन् । घाइतेमध्ये केहीको अवस्था गम्भीर छ ।

रंगेलीमा युवा संघले जनसभा गर्ने भएपछि मोर्चाले सोको विरोध गर्दै आएको थियो । मोर्चाले युवा संघलाई विरोध सभा नगर्न आग्रह गर्दै गरेको खण्डमा प्रतिकार गर्ने चेतावनी दिँदै आएको थियो । युवा संघ र मोर्चा दुवै आ-आफ्ना अडानबाट पछि नहटेपछि हुन सक्ने घटनालाई मध्यनजर गर्दै स्थानीय प्रशासनले सुरक्षा तैनाथी बढाएको थियो । बाक्लो रूपमा परिचालित प्रहरी तथा सशस्त्र प्रहरीले दुवै पक्षका कार्यकर्तालाई ओहोरदोहोर गर्न रोकेका थिए । यद्यपि प्रहरी घेरालाई तोडेर मोर्चा कार्यकर्ताले युवा संघको कार्यक्रम बिथोल्न खोजेपछि झडप हुन पुगेको हो ।



युवा संघको कार्यक्रम बिथोल्न बिहानैदेखि मोर्चाका कार्यकर्ता रंगेली चोकमा भेला भएर नाराबाजी गर्दै थिए । जनसभा सुरु हुनुअघि घरेलु हतियार (खुकुरी, तिर, भाला, लाठी, ग्याटिस) बोकेर अघि बढेका मोर्चाका कार्यकर्ताले दिउँसो करिब २ बजे प्रहरी घेरा तोड्न खोजेपछि झडप सुरु भएको हो ।

मोर्चाका कार्यकर्ताले युवा संघको कार्यक्रममा आउन लागेका एमालेका चार स्थानीय नेता-कार्यकर्तालाई समेत नियन्त्रणमा लिएका थिए । मोर्चाका कार्यकर्ताले घेरेर आक्रमण गर्न खोजेपछि स्थानीय अनिल महेश्वरीको घरमा लुक्न पुगेका एमाले रंगेली इलाका अध्यक्ष दिनेश ठाकुर, अनेमसंघ रंगेली अध्यक्ष उषा झा र एमाले कार्यकर्ता कपिलमणि मण्डल र वसन्तकुमार कर्णलाई प्रहरीले तिन घन्टापछि उद्धार गरेको थियो ।

मोर्चाका कार्यकर्ताले एमाले रंगेली नगर अध्यक्ष मनोज अग्रवालको घरमा राखेका दुई मोटरसाइकलमा समेत आगजनी गरेका छन् ।

प्रहरीले भने सभा बिथोल्न मोर्चाका कार्यकर्ताले प्रहरीमाथि ढुंगामुढा तथा घरेलु हतियार प्रहार गरेपछि स्थिति नियन्त्रणमा लिन हवाई फायर तथा अश्रुग्याँस प्रहार गर्नुपरेको बताएको छ । प्रहरीले स्थिति नियन्त्रणमा लिन दर्जनौं राउन्ड हवाई फायर गरेको थियो । मधेसी जनअधिकार फोरम नेपालका केन्द्रीय सदस्य एवं पूर्वसभासद् जयराम यादवले युवा संघ र प्रशासनको षड्यन्त्रमा घटना भएको आरोप लगाए ।

(बाँकी पृष्ठ ३ मा)

# अभियोग पुष्टि नभए पीडितलाई क्षतिपूर्ति

डिल्ली आचार्य/राजधानी
काठमाडौं, ७ माघ

सर्वोच्च अदालतको संवैधानिक इजलासले गलत अभियोगका कारण थुना र कैदमा बस्नुपरेका व्यक्ति अदालतको अन्तिम फैसलाबाट निर्दोष देखिए थुना र कैद बसेको अवधिको क्षतिपूर्ति दिन आदेश दिएको छ । फौजदारी मुद्दामा सरकारको अपुरो र गलत अभियोजन (मुद्दा दायर) का कारण निर्दोष व्यक्तिहरू पनि विनाकारण वर्षौंसम्म थुनामा बस्ने गरेको तर कानुनको अभावमा उनीहरूले क्षतिपूर्ति नपाइरहेका बेला अदालतले सरकारलाई क्षतिपूर्ति दिन आदेश दिएको हो ।

प्रधानन्यायाधीश कल्याण श्रेष्ठको अध्यक्षतामा बिहीबार बसेको संवैधानिक इजलासले सरकारी मुद्दासम्बन्धी ऐन-२०४९ मा आवश्यक परिमार्जन र संशोधन गरी विनाकसुर थुनिएको अदालती पुष्टि भए थुनिएको अवधिको क्षतिपूर्ति दिने गरी कानुनी व्यवस्था गर्न सरकारलाई आदेश दिएको हो । विश्वका विभिन्न मुलुकमा विनाकारण र गलत अभियोग र अनुसन्धानका कारण थुना र कैदमा परेका व्यक्तिलाई अदालतले सफाइ दिए थुनामा बसेको अवधिको क्षतिपूर्ति दिनैपर्ने कानुन भए पनि नेपालमा भने अझै यस्तो कानुन बन्न सकेको छैन ।

कानुन नबनेको फाइदा उठाउँदै प्रहरीले अनुसन्धान नै नगरी र अनुसन्धानका नाममा लामो समयसम्म व्यक्तिलाई हिरासतमा राखेर दुःख दिने काम पटक पटक गर्दै आएको छ । सरकार पक्ष भएर दायर हुने सबै मुद्दाहरूमा प्रहरी र सरकारी वकिलको अपुरो अनुसन्धान र अभियोजनका कारण वर्षौं जेल र थुना बसिसकेपछि बल्ल अदालतबाट सफाइ पाउने गरेका छन् । अब भने यस्तो पाइएका पीडितले क्षतिपूर्ति पाउने भएका छन् । 'गलत अभियोजनका कारण कैद र थुनामा बस्नुपरेको मान्छे अन्तिम फैसलाबाट निर्दोष ठहरिएको अवस्थामा कैद वा थुनामा बसेको अवधिको क्षतिपूर्ति दिनू,' संवैधानिक इजलासको आदेशमा भनिएको छ ।



**गलत अभियोजनका कारण कैद र थुनामा बस्नुपरेको मान्छे अन्तिम फैसलाबाट निर्दोष ठहरिएको अवस्थामा कैद वा थुनामा बसेको अवधिको क्षतिपूर्ति दिनू**

संवैधानिक इजलासको यो आदेशसँगै अब तल्ला अदालतले कैद हुने गरी गरेको फैसला माथिल्लो र अन्तिम अदालतले बदर गरे राज्यले व्यक्तिलाई थुनिएको अवधिभरको क्षतिपूर्ति दिनुपर्ने हुन्छ । अदालतको आदेशअनुसार संसद्ले क्षतिपूर्ति दिने गरी कानुनमा संसोधन गरे अन्तिम फैसलामा निर्दोष देखिएका व्यक्तिले मात्र नभई अनुसन्धानका क्रममा थुनामा रहेका व्यक्तिले समेत अदालतबाट सफाइ पाए या थुनछेक आदेशमा साधारण तारेखमा छुटेर अन्तिम फैसलामा सफाइ पाए भने समेत क्षतिपूर्ति पाउनेछन् ।

अदालतको यो आदेशअनुसार सरकारी मुद्दासम्बन्धी ऐनमा संशोधन भए फौजदारी अभियोगमा व्यक्तिलाई अनावश्यक दुःख दिने मनशायको मात्रै अन्त्य हुनेछैन, अदालतमा मुद्दाको चापसमेत कम हुनेछ । क्षतिपूर्तिसम्बन्धी कानुन बने क्षतिपूर्ति दिनुपर्ने डरका कारण पनि अनुसन्धान कार्यमा संलग्न पक्षले पर्याप्त प्रमाण र कानुनी आधारविना फौजदारी अभियोगमा व्यक्तिविरुद्ध मुद्दा दायर गर्ने क्रम पनि निकै कम हुने कानुन व्यवसायीहरू बताउँछन् । नेपालमा सरकारवादी मुद्दाहरू सजिलै र पर्याप्त अनुसन्धानविना दर्ता हुने तथा सामाजिक र अन्य कारणबाट व्यक्ति थुनामा जाने र लामो समय फैसला नभई व्यक्ति थुनामै बस्नुपर्ने बाध्यता रहँदै आएको छ ।

हालको फौजदारी कसुरसम्बन्धी कानुनमा फौजदारी मुद्दा दायरपछि अभियोग लागेको व्यक्ति स्वयं तारेखमा उपस्थित हुनुपर्ने व्यवस्थाका कारण मुद्दा लागेको अवस्थामा मात्र पनि अनावश्यक रूपमा अदालत र अन्य निकायमा समय खेर फाल्नुपर्ने र अनावश्यक हैरानी बेहोर्नुपरिरहेको छ ।

(बाँकी पृष्ठ ३ मा)

## मोर्चा सहमतिमा नआए भोलि संविधान संशोधन

**काठमाडौं/रास–** प्रमुख तिन दलले संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासँग अझै सहमतिको प्रयास जारी राख्ने निर्णय गरेका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार सम्पन्न सत्तारूढ एमाले, एमाओवादी र प्रमुख विपक्षी कांग्रेससँग मोर्चाको वार्ता सकारात्मक नभए पनि प्रमुख तिन दलले सहमतिको प्रयास जारी राख्ने निर्णय गरेका हुन् ।

वार्ता सकारात्मक नभएपछि मोर्चाका नेताहरू छलफलको औचित्य नरहेको भन्दै बैठक चलिरहेकै बेला बाहिरिएका थिए भने तिन दलका नेताहरूले मोर्चासँग संविधान संशोधन विधेयकमाथि पनि परिमार्जन गर्न सकिने गरी शनिबारसम्मै प्रयास जारी राख्ने निर्णय भएको जानकारी दिएका थिए ।

(विस्तृत पृष्ठ २ मा)

राजधानी कुरी-कुरी

-उत्तम नेपाल




सए दिनको भाषन संकलन गर्दा यत्रो हाँस्य-व्यंग्य संग्रह नै निस्कने र'छ ..!

# नाकाबन्दीले ५ सय ७३ प्रतिशतसम्म मूल्य वृद्धि

लक्ष्मी सापकोटा/राजधानी
काठमाडौं, ७ माघ

भारतले गरेको अघोषित नाकाबन्दीका कारण उपभोक्ताले ५ सय ७३ प्रतिशतसम्म मूल्य वृद्धि सहनुपरेको तथ्य सार्वजनिक भएको छ । ८२ प्रकारका अत्यावश्यक वस्तुको मूल्य वृद्धिबारे गरिएको एक सर्वेक्षणले सो तथ्य बाहिर ल्याएको हो ।

गत असोजदेखि पुस दोस्रो सातासम्मको अवधिलाई आधार मानेर गरिएको सर्वेक्षणले पेट्रोलियम पदार्थमा सबैभन्दा बढी मूल्य वृद्धि भएको देखाएको छ । पेट्रोलको मूल्य ७ सय रुपैयाँसम्म बढेको पाइएको हो । यसले मूल्य वृद्धि भएर कालोबजारी फस्टाएको सर्वेक्षणले औंल्याएको छ । नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको प्रतिवेदनमा मंसिर महिनामा औसत मूल्य वृद्धि ११ दशमलव ६ प्रतिशतसम्म बढेको देखाएको थियो । तर, निजी क्षेत्रको एक संस्थाले गरेको अध्ययनले चर्को मूल्य वृद्धिले कालोबजारी फस्टाएको देखाएको हो ।

नाकाबन्दीअघिको बजार मूल्यलाई आधार मानेर गरिएको सर्वेक्षणमा खाना पकाउने एलपी ग्याँसमा ४ सय ७१ प्रतिशत मूल्य बढेको अध्ययनले देखाएको छ । लामो समय भएको अघोषित नाकाबन्दीले बजारमा आपूर्ति व्यवस्था सहज नहुँदा दैनिक उपभोग्य वस्तुदेखि इन्धनको मूल्य अकासिएको अध्ययनले देखाएको हो । सर्वेक्षणका अनुसार खाना पकाउने एलपी ग्याँसको विकल्प मानिएको विद्युतीय हिटरको मूल्य ५ सय प्रतिशतसम्म बढेको छ । त्यस्तै, खाद्यान्नमा खानेतेल र दालको मूल्यमा उच्च वृद्धि भएको देखाएको छ । सनफ्लावर र भटमास तेलमा क्रमशः १ सय ५० र १ सय २५ प्रतिशत मूल्य बढेको पाइएको छ ।

सर्वेक्षणअनुसार नाकाबन्दीले सबैभन्दा बढी खाना पकाउने चुलो, एलपी ग्याँस र इन्धनको मूल्यमा उच्च मूल्य वृद्धि भएको छ ।

(बाँकी पृष्ठ ३ मा)

**इन्धनको मूल्य**

| इन्धन | नाकाबन्दीअघि रु. | नाकाबन्दीपछि रु. | मूल्य वृद्धि प्रतिशत |
|---|---|---|---|
| पेट्रोल प्रतिलिटर | १०४ | ७०० | ५७३.०७ |
| डिजेल प्रतिलिटर | ८१ | ३५० | ३३२.०९ |
| ग्याँस प्रतिसिलिन्डर | १,४०० | ८,००० | ४७१.४२ |
| मट्टीतेल प्रतिलिटर | ८१ | २४० | १९६.२९ |
| हवाई इन्धन प्रतिलिटर | ११८ | २३२ | ९६.६१ |

*स्रोत : नेपाल आयल निगम र व्यवसायीहरू*

**विद्युतीय तथा अन्य चुलोको मूल्य**

| वस्तु (प्रतिगोटा) | नाकाबन्दीअघि रु. | नाकाबन्दी पछि रु. | मूल्य वृद्धि प्रतिशत |
|---|---|---|---|
| माटोको हिटर | २५० | १,५०० | ५०० |
| इलेक्ट्रिक जग २ लिटर | ५०० | १,१०० | १२० |
| इलेक्ट्रिक रड | २५० | ८०० | २२० |
| राइसकुकर २.२ लिटर | २,००० | ३,५०० | ७५ |
| फलामको हिटर | २,५०० | ४,५०० | ८० |
| भुसे चुल्हो | ५०० | १,२०० | १४० |
| इन्भर्टर १०० वाट | ९,००० | १३,००० | ४४.४४ |
| माटाको चुलो | ८०० | १,५०० | ८७.५० |
| इन्डक्सन चुलो | ३,००० | ५,८०० | ९३.३३ |
| विद्युतीय जग | ५०० | १,१०० | १२० |

*स्रोत : स्थानीय खुद्रा व्यापारी*

**दाउरा तथा कोइलाको मूल्य**

| वस्तु | नाकाबन्दीअघि रु. | नाकाबन्दीपछि रु. | मूल्य वृद्धि प्रतिशत |
|---|---|---|---|
| दाउरा प्रतिकेजी | १५ | ६० | ४०० |
| ब्रिकेट कोइला (तिन पिस) | ९० | १५० | ६६.६६ |
| गोल कोइला प्रतिकेजी | ८० | ११० | ३७.५० |

*स्रोत : स्थानीय व्यापारी*



## च्यातियो नक्कली सुन तस्करीको जालो

**केशवराज पौडेल/राजधानी**
काभ्रे, ७ माघ

अरनिको राजमार्ग र बीपी राजमार्गमा धेरै सुनिने घटना हो, नक्कली डलरको कारोबारी । नक्कली डलर देखाउँदै लुट्ने गिरोहलाई प्रहरीले नियन्त्रणमा लिन सफल भएसँगै उसलाई चुनौती थियो, नक्कली सुन देखाएर ठगी गरेको भन्दै धादिङ जिल्ला गजुरीका जीवन विकले दिएको निवेदन ।

सक्कली भन्दै नक्कली सुन देखाएर ३२ लाख रुपैयाँ ठगिएको निवेदन परेपछि काभ्रे प्रहरीले नक्कली सुनको कारोबारीविरुद्ध अप्रेसन नै चलायो । फलाममा सुनको जलप लगाएर लाखौं रुपैयाँ ठगी गरेपछि काभ्रे प्रहरीले अनुसन्धानको दायरालाई फराकिलो बनायो । नभन्दै प्रहरीले एक महिनामै सफलता हात पाऱ्यो । बिहीबार नक्कली सुनलाई सक्कली भनी ३२ लाख रुपैयाँ ठगी गर्ने मुख्य योजनाकारसहित चारजना पक्राउ गरेसँगै नक्कली सुन तस्करीको जालो प्रहरीले च्यातेको हो ।

१४ पुस साँझ ५ बजे सक्कली सुन भन्दै धुलिखेलमा सुनको जलप लगाएको नक्कली सुन भेट्टाएपछि नक्कली सुनमा संलग्नलाई प्रहरीले सार्वजनिक गरेको छ। सस्तोमा सक्कली सुन पाउने आशामा धादिङ गजुरी-२ मा सुन पसल गरी बस्ने जीवन विक ठगिएपछि प्रहरीले चारजनालाई नियन्त्रणमा लिएको हो । सक्कली बिल भएको एक किलो सुन छ, ३२ लाख रुपैयाँमा बेच्न तयार छ भनी धुलिखेल बसपार्कमा बोलाई विक ठगिएका थिए ।

प्रहरीले धादिङ ढोला-७ घर भई पोखरा-१४ मा बसोबास गर्ने शिव भन्ने नेत्रप्रसाद दुवाडीलाई घटना घटेकै दिन धुलिखेलबाट नियन्त्रणमा लिएको थियो । यस्तै, पोखरा-२२ का शिवशंकर भन्ने हरिशंकर तामाङलाई १७ पुसमा पोखराबाट नियन्त्रणमा लिएको हो भने अर्का इटहरी-४ सुनसरीका नेत्रबहादुर भण्डारीलाई ५ माघमा सुनसरीको इटहरी बजारबाट प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ । यस्तै, प्रहरीले सिन्धुली खोलागाउँ-६ बाट दिलीप भन्ने दिलबहादुर थापालाई पनि नियन्त्रणमा लिएको छ ।

प्रहरीले निजहरूको साथबाट सुनको जलप लगाएको एक किलो धातु, नगद २ लाख ५० हजार रुपैयाँ, मोबाइल तिन थान, सिमकार्ड र सुनको औंठी बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय काभ्रेका डीएसपी राजकुमार केसीले सबैलाई ठगीको उद्योगमा मुद्दा चलाउने तयारीमा रहेको जनाए ।

# नक्कली नोट छाप्ने मेसिनसहित अभियुक्त पक्राउ

**रमेश तिमल्सिना/राजधानी**
रौतहट, ७ माघ

नक्कली नोट छापेर बजारमा वितरण गरेको आरोपमा जाली नोट छाप्ने मेसिनसहित रौतहटबाट प्रहरीले ६ जनालाई पक्राउ गरेको छ ।

सुराकीको आधारमा गत ३ माघमा गौर भन्सार कार्यालयनजिकैबाट पक्राउ परेका राम प्रवेश यादवसँग प्रहरीले हजारका एक थान नक्कली नोट बरामद गरेको थियो । यादवको बयानका आधारमा गौर नगरपालिका-५ निवासी मनोजकुमार महतो पक्राउ परेपछि अन्य चार कारोबारी पक्राउ परेको बिहीबार आयोजित पत्रकार सम्मेलनमा प्रहरीले जानकारी दिएको छ ।

सो समूहबाट प्रहरीले हजारका ४४ थान र ५ सयका ११ थान नक्कली नोट बरामद गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक डा. गणेश रेग्मीले बताए। अनुसन्धानकै क्रममा प्रहरीले गौर-७ निवासी सगढवाका जुगलकिशोर कुशवाहा,



सखुअवा धमौरा-३ का नारायण चौधरी, बारा जिल्ला जितौनाका अभय कुमार र रौतहट बालचनपुरका ओसी महम्मदलाई पक्राउ गरेको छ ।

उनीहरूले बनाएको नक्कली नोट प्रायः भारतीय बजारमा खर्च गरेको पाइएको छ । पक्राउ परेकामध्ये नारायण चौधरीले ओसी महम्मद र अभय कुमारको सहयोगमा आफ्नै घरमा नोट छाप्ने गरेको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ।

निजहरूबाट मूलतः रौतहटमा एकजनालाई ५० हजार रुपैयाँसम्मको जाली नोट वितरण गर्ने खुल्न आएको, कसैले यस्तो रकम माग गरेमा थप छपाइ गरी अरू रकम पनि दिने गर्ने, यसैगरी एउटा सक्कली नोटसँगै तिनदेखि चारओटा नक्कली नोट दिई कारोबार गर्न एजेन्टहरू लगाउने गरेको, यस्तो नक्कली रकम मूलतः जुवा खेल्नमा, इँटा भट्टाका मजदुरको ज्याला, दुर्गम गाउँमा खसीबोका, राँगा खरिद गर्न, मेला भर्न गएको समयमा भिडभाडमा सामान खरिद गर्न एवं भारतीय बजारमा इन्धन किन्ने प्रयोजनका लागि उपयोग हुने गरेको खुल्न आएको प्रहरीले जानकारी दिएको छ ।

प्रहरीले सो समूहबाट बीआर३०ए २ ९११ नम्बरको मोटरसाइकल पनि बरामद गरेको छ ।

# सौतेनी आमाले गरिन् दुई छोराको हत्या

**शिवलाल सुवेदी/राजधानी**
गुल्मी, ७ माघ

जिल्लाको हाडहाडे-९ की शान्ता पुनले सौतेनी दुई छोराको हत्या गरेकी छन्। हाडहाडे-९ निवासी नरेन्द्र पुनकी श्रीमतीले सौतेनी २ छोरा ७ वर्षीय आशिष पुन र ५ वर्षीय मनीष पुनको बुधबार बिहान हत्या गरेकी हुन् । बुधबार बिहान करेन्ट लागेर बालकको मृत्यु भएको भनेर प्रहरीलाई खबर गरे पनि घटनास्थल पुगेको प्रहरीले घटनाको प्रकृति हेर्दा बालकको हत्या भएको आशंका गरी सौतेनी आमा शान्ता पुनलाई नियन्त्रणमा लिएको थियो । जिल्ला प्रहरी कार्यालय गुल्मीको नियन्त्रणमा रहेकी शान्तासँग प्रहरीले छानबिन गर्दा उनले बालकको हत्या गरेको स्विकारेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए । प्रहरीका अनुसार शान्ताले एक बालकलाई विष खुवाएर र अर्कोलाई घाटी थिचेर हत्या गरेको बताएकी छन् ।

बुधबार बिहान इलाका प्रहरी कार्यालय पुर्कोट दहका प्रमुख प्रहरी निरीक्षक जुगेश्वर राउतको नेतृत्वमा गएको टोलीले घटनास्थलको अवलोकन गर्दा शंकास्पद भएकाले मृतक बालककी सौतेनी आमा शान्तालाई नियन्त्रणमा लिएको थियो । मृतक बालकहरूकी आमाले अर्कैसँग बिहे गरेपछि नरेन्द्र पुनले शान्तालाई बिहे गरेका थिए । नरेन्द्र अहिले रोजगारीको शिलशिलामा भारतमा छन् । बालकहरूको हत्या गर्ने सौतेनी आमालाई सार्वजनिक गर्न तथा घटनाबारे अन्य जानकारी गराउन जिल्ला प्रहरी कार्यालय गुल्मीले बिहीबार पत्रकार सम्मेलनको आयोजना गरेको छ ।

# आगो तापेर रात काट्ने चेपाङले पाए सिरक डसना

**राजधानी संवाददाता**
धादिङ, ७ माघ

'रातभरि ज्यान तात्दैन। दिउँसो ल्याएको दाउरा सकिँदासमेत उज्यालो नभएपछि हातखुट्टा कठ्यांग्रिएरै बस्ने गरेको थियो । अब सबैजना ओड्ने ओडेर सुत्न पाइने भयो,' स्यामैडाँडाका श्रीकृष्ण चेपाङले खुसी हुँदै भने । गाउँका सबै घर भूकम्पले भत्किए तर उनको घर मात्र आंशिक क्षतिमा लेखिएको थियो । सरकारी राहत नपाएका चेपाङलाई नेपा कम्प्लेक्स व्यापार संघ काठमाडौंले बिहीबार सिरक र डसना दिएपछि औधी खुसी भए । दक्षिणी धादिङको पिडा गाविस-६ स्यामैडाँडाका २ सय चेपाङ परिवारलाई एक कार्यक्रमबिच सिरक र डसना वितरण गरिएको हो ।

भूकम्पपछि समस्या भोग्दै आएको भन्ने जानकारी पाएपछि संघले सबै परिवारलाई सिरक र डसना उपलब्ध गराएको नेपा कम्प्लेक्स व्यापार संघ काठमाडौंका महासचिव उपेन्द्र खनालले बताए ।



१२ वैशाखको विनाशकारी भूकम्पले गर्दा सबै घर भत्किएका चेपाङ २ सय परिवारलाई नेपा कम्प्लेक्स व्यापार संघ काठमाडौंले बिहीबार सिरक डसना वितरण गरेको छ ।

सरकारले राहत पुऱ्याउन ढिला गरेको अवस्थामा जाडोले कठ्यांग्रिएर आगो ताप्दै रात कटाइरहेका चेपाङलाई सहयोग गर्न पाउँदा खुसी लागेको व्यापार संघका अध्यक्ष राजु भट्टराईको भनाइ छ। चेपाङ परिवार पनि जाडाको समयमा तातोमा बस्न सकून् भनेर यसरी सहयोग उपलब्ध गराएको खनालको भनाइ छ ।

संघका अध्यक्ष राजु भट्टराई, महासचिव उपेन्द्र खनालगायतको टोलीले गाउँमै पुगेर चेपाङ परिवारलाई राहत वितरण गरेको हो। राहत वितरण गर्न सो कम्प्लेक्स भवनका मालिक (सञ्चालक) रमेश मानन्धरले सहयोग उपलब्ध गराएको संघले जनाएको छ ।

## रंगेली...

उनले आफूहरूको घोषित कार्यक्रम ६ महिनादेखि चलिरहेका बेला यस्तो कार्यक्रम गरेर दुःखद घटना निम्त्याएको आरोप लगाए । 'जनता आन्दोलित भएका बेला यस्तो कार्यक्रम नगरौं भनेका थियौं,' उनले भने, 'तर, षड्यन्त्रमूलक ढंगले कार्यक्रम गर्दा तिन जनाको ज्यान गयो, दर्जनौं घाइते भएका छन् ।'

घटनालाई लिएर नेकपा एमालेका केन्द्रीय सदस्य तथा कोसी अञ्चल इन्चार्ज जीवन घिमिरेले दुःख व्यक्त गरेका छन्। उनले शान्तिपूर्ण रूपमा आमसभा गर्दा अनावश्यक रूपमा मोर्चाले बिथोल्न खोजेको आरोप लगाए। घिमिरेले एमालेको पूर्वनिर्धारित कार्यक्रम बिथोल्नकै लागि सोझासिधा जनतालाई विरोधका नाममा उतारेर मोर्चाले अनाहकमा तिनतिन जनाको ज्यान जाने वातावरण तयार गरेको बताए ।

बिहीबार कार्यक्रम सकेर फर्किंदै गरेका आफ्ना कार्यकर्ता प्रकाश ढकाललाई मोर्चाका कार्यकर्ताले गोली प्रहार गरेको र विराटनगरमा मनोज राईलाई आक्रमण गरेको युवा संघले जनाएको छ । युवा संघका सचिव पर्शुराम बस्नेतले आफूहरूले शान्तिपूर्वक कार्यक्रम गरेर फर्किंदा भएको यस्तो आक्रमणको निन्दा गर्दै आफ्ना कार्यकर्तामाथि आक्रमण हुँदा कार्यकर्ताले मोर्चासँग सामान्य प्रतिकार मात्रै गरेको बताए । विराटनगरको घटनामा राजेन्द्र महतो नेतृत्वको सद्भावनाका केन्द्रीय सदस्य दिलीप धाडेवा घाइते भएका छन्। उनको गोल्डेन अस्पतालमा उपचार भइरहेको छ ।

**विरोधबिच जनसभा**

एमाले महासचिव ईश्वर पोखरेलले अहिलेको संविधानले सबैको अधिकार सुरक्षित गरेको दाबी गरेका छन् । उनले मधेसी, दलित, जनजाति, अल्पसंख्यक र सीमान्तकृतलाई विशेष अधिकारसमेत दिएको प्रस्ट पारे ।

रंगेलीमा बिहीबार युवा संघले आयोजना गरेको जनजागरण अभियानलाई सम्बोधन गर्दै नेता पोखरेलले संविधानका विषयमा मधेसमा भ्रम फैलाइएको भन्दै त्यस भ्रमलाई हरेक बुज्रुक नेपालीले चिर्नुपर्नेमा जोड दिए । उनले मधेसी मोर्चाका नेताहरूसँग खुला संवाद गर्न एमाले तयार रहेको भन्दै यसका लागि मोर्चाका नेताहरूलाई समेत छलफलमा सहभागी भएर तर्क राख्न चुनौती दिए ।

यस्तै, कार्यक्रममा एमाले सचिव शंकर पोखरेलले विश्वकै उत्कृष्ट संविधान जारी भएको भन्दै मधेसी मोर्चाले तराईमा भ्रम फैलाएर अल्मल्याउन खोजेको टीप्पणी गरे । उनले पुरानो साख फर्काउन ध्यानमा मोर्चाले भ्रम फैलाएको बताए । कार्यक्रमलाई सम्बोधन गर्दै युवा तथा खेलकुदमन्त्री सत्यनारायण मण्डलले संविधान उत्कृष्ट रहेको दाबी गर्दै केही माग भए संशोधनबाट समेट्न सकिने बताए। उनले आन्दोलनरत मधेसी मोर्चाले सहमति नचाहेको भन्दै अनेक बहाना गरेर आन्दोलन लम्ब्याइरहेको बताए। मधेसी मोर्चाको विरोधका बिच युवा संघ नेपालले मोरङको रंगेलीमा बृहत् जनसभा सम्पन्न गरेको छ । कार्यक्रममा युवा संघका पूर्वअध्यक्ष महेश बस्नेत, निरु पाल, संघका अध्यक्ष राजीव पहारी, सचिव पर्शुराम बस्नेतलगायतले आफ्ना धारणा राखेका थिए ।

## नाकाबन्दीले...

खाना पकाउने ग्याँसको अभावले दाउरा र माटोको हिटरको मूल्य पनि अकासिएको छ । उस्तै एक सिलिन्डर ग्याँस किन्दा उपभोक्ताले ८ हजार रुपैयाँसम्म (४ सय ७१ प्रतिशत बढी) तिर्नुपऱ्यो भने दाउराको मूल्य पनि तिन गुणाले बढेको छ। यसले निम्न वर्ग र ज्याला मजदुरी गरेर छाक टार्ने उपभोक्तालाई प्रत्यक्ष प्रभाव पारेको अध्ययनले देखाएको छ । अन्य समयमा त्यति प्राथमिकतामा नपरेको माटोको हिटरको मूल्यसमेत ५ सय प्रतिशतले बढेको अध्ययनले देखाएको छ। नाकाबन्दीले बजारमा सामानको अभाव हुँदा खा( द्यान्नमा १ सय ५० प्रतिशत, विद्युतीय सामानमा ५ सय प्रतिशत, दाउरामा ३ सय प्रतिशतसम्म र निर्माण सामग्रीमा १ सय प्रतिशतसम्म मूल्य बढेको अध्ययनले देखाएको छ । त्यस्तै, होटेल रेस्टुरेन्टको मेन्युमा ६६ प्रतिशतसम्म र तरकारीमा सय प्रतिशतसम्म मूल्य वृद्धि भएको अध्ययनले देखाएको छ। तर, यस अवधिमा बजारमा अभाव भए पनि औषधिको मूल्य भने वृद्धि भएको छैन ।

अध्ययनअनुसार मुँग दाल र ठुलो मास दाल क्रमशः ८७ र ७९ प्रतिशतले मूल्य बढेको छ । यसैगरी, तरकारीमध्ये भन्टा र हरियो सागको मूल्यमा शतप्रतिशत वृद्धि भएको छ भने च्याउको मूल्य ७५ प्रतिशतले बढेको छ। निर्माण सामग्रीमा भक्तपुरे १ नम्बर इँटा र किलाकाँटाको मूल्य दोब्बर भएको छ। फलाम र काठको मूल्यमा ८६ प्रतिशत वृद्धि भएको छ । भेज मःमको मूल्यमा पनि ६७ प्रतिशत वृद्धि भएको छ । त्यस्तै, केही तरकारीको मूल्य भने नाकाबन्दी पछि घटेको देखिन्छ। नेपाल आर्थिक पत्रकार समाज (सेजन) को सो अध्ययनअनुसार हाल तरकारी उत्पादनको सिजन भएकाले बजारमा सहज आपूर्ति हुनुका साथै ग्याँस तथा अन्य इन्धनको अभावमा सर्वसाधारणले थोरै मात्र खानाका परिकार बनाउँदा माग घट्नुले मूल्य वृद्धिमा कमी आएको हो । खासगरी बन्दा, काउली, प्याजलगायतको मूल्य घटेको छ ।

## चारजना पक्राउ

**चितवन/रास-** चार महिलालाई भारतमा बेचबिखन गर्न लाँदै गरेको आरोपमा चितवनमा चार पुरुष पक्राउमा परेका छन् । चितवन हुँदै भारतका विभिन्न भागमा बेचबिखन गर्न लाँदै गरेको अवस्थामा चितवनको भरतपुरस्थित एक होटलबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय चितवनले जानकारी दिएको छ ।

पक्राउ पर्ने पुरुषसँगै रहेका रामेछापका १९ देखि ३१ वर्ष उमेर समूहका चार महिलालाई उद्धार गरिएको छ। पक्राउ पर्नेहरूमा चितवन मंगलपुर-७ बस्ने सञ्जय तमाङ, तनहुँ केशवटार-२ बस्ने टोलाराम थापा, धादिङ गजुरी-२ बस्ने दयाराज कँडेल र स्याङ्जा पञ्चमूल-९ बस्ने राजु गुरुङ रहेका प्रहरीले बताएको छ ।

## अभियोग...

त्यसैगरी, अन्तिम फैसला हुन वर्षौं लाग्ने गरेका कारण पनि व्यक्तिलाई फसाउनकै लागि पर्याप्त आधार र कारणविना मुद्दा दायर हुने गरेको र त्यसलाई रोक्न क्षतिपूर्ति कानुन आवश्यक रहेको भन्दै दुई अधिवक्ताले दायर गरेको रिटको अन्तिम सुनुवाइमा अदालतले क्षतिपूर्ति कानुन बनाउन आदेश दिएको हो ।

अधिवक्ताद्वय अमृतप्रसाद श्रेष्ठ र शोषित अकेला बानियाँले ६ जेठ २०७० मा सर्वोच्च अदालतमा प्रधानमन्त्री कार्यालय, गृह मन्त्रालय, महान्यायाधिवक्तालाई विपक्षी बनाई रिट दायर गरेका थिए । नेपालमा फौजदारी कसुरमा क्षतिपूर्तिसम्बन्धी कानुन नभए पनि विश्वका विभिन्न मुलुकमा भने यस्तो कानुन बनेको र कानुनमै क्षतिपूर्तिको रकमसमेत उल्लेख छ ।

अदालतले कति क्षतिपूर्ति दिने भन्ने विषयमा आदेश जारी नगरेका कारण कानुन बनाउँदा नै तोक्नुपर्नेछ ।


Government of Nepal
Ministry of Federal Affairs and Local Development
Department of Local Infrastructure Development and Agricultural Roads (DoLIDAR)
Office of District Development Committee
Decentralized Rural Infrastructure and Livelihood Project (DRILP-AF)

**District Project Office**
Jumla

**Notice for Extention of bid validity and bid security Period**

*{First Publication Date: 2072/10/08 (22 January 2016)}*

This is to notify the bidders mentioned hereunder to extend the bid validity 30 days beyond the original bid validity period i.e upto 26 February 2016 and bid security period 30 days more from original bid security period i.e. 26 March 2016. Please submit the concerned bid validity extension letter and bid security within 27 January 2016 to our office in context to the Invitation for bid published in Nagarik National Daily newspaper and Rajdhani National Daily on dated 16 July, 2015 and amendment published in Nagarik National Daily on dated 14 August 2015 & 21 August 2015 and bid validity extension notice published Nagarik National Daily on 22 November 2015 and Rajdhani National Daily on 24 December 2015 of Topla-Imilcha Road having contract identification no. DRILP-AF/Jumla/TI/NCB/01.

| S.N. | Name & Address of Bidders |
|---|---|
| 1 | M/S K.S.-Thegim JV,Dhangadi, Kailali |
| 2 | M/S Mahalaxmi-Divya Jyoti JV, Kalanki, Kathmandu (E-Bid submission) |
| 3 | M/S Mrit Sanjiwani Nirman Sewa, Hetauda, Makwanpur |
| 4 | M/S Amar Construction Pvt. Ltd., Kalimati, Kathmandu |
| 5 | M/S Chandra & Basanta Construction Pvt. Ltd., Jawalakhel, Lalitpur |
| 6 | M/S Lohani & Brother /M.P. Construction JV, Nepalgunj, Banke |
| 7 | M/S Apex Construction Company Pvt.Ltd.,Kathmandu (E-Bid submission) |

**Chief District Engineer**



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय
**जिल्ला स्वास्थ्य कार्यालय**
रौतहट, गौर

**औषधि खरिदसम्बन्धी बोलपत्र आव्हानको सुचना**

**प्रकाशित मिति २०७२/१०/०८**

यस कार्यालय अन्तर्गत रहेका गौर अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकीहरुका लागि आ.ब. २०७२/०७३ मा बोलपत्रद्वारा औषधि खरिद गरिने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले निम्नानुसारको शर्तको अधिनमा रही नियमानुसारको बोलपत्र आव्हान गरिन्छ ।

१. यो सूचना राष्ट्रिय दैनिक प्रत्रिकामा प्रथमपटक प्रकाशित भएको मितिले ३०(तिस) दिनभित्र र सो दिन सार्बजनिक बिदा परेमा सोको भोलिपल्ट रु. १,०००।- (पछि फिर्ता नहुनेगरी) बुझाई यस कार्यालयको लेखा शाखा तथा कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटबाट खरिद गर्न सकिनेछ । यो सूचना यस कार्यालयको बेभसाईट www.dhorautahat.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ ।
२. बोलपत्र फाराम खरिद गर्न प्रोप्राईटर स्वयं उपस्थित भई वा आधिकारिक मन्जुरीनामा (अधिकृत वारिसनामा) सहितको प्रतिनिधिबाट मात्र खरिद गर्न सकिनेछ । तर त्यस्तो अधिकृत वारिसनामा एक फर्म एक व्यक्तिलाई मात्र मान्य हुने छ ।
३. बोलपत्र फाराम खरिद गर्न निवेदनसाथ औषधि बिक्री गर्ने इजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा आ.व. २०७१/०७२ सम्मको कर चुक्ता भएको प्रमाणपत्र वा कर बिवरण पेश गरेको कागजातको प्रतिलिपि संलग्न राखी निवेदनमा रु.१० को टिकट टांस गरी बोलपत्र फाराम खरिद गर्न सकिने छ ।
४. बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको कागजात पेश गर्नु पर्ने छ ।
५. सूचना प्रकाशित भएको मितिले ३०औं दिनसम्म बोलपत्र फाराम बिकिवितरण हुनेछ र ३१औं दिनको १२:०० बजेसम्म बिकी भइसकेका बोलपत्रहरुको दर्ता कार्य यस कार्यालयमा मात्र हुनेछ । बोपत्रदाताले बोलपत्रसाथ लागत अनुमान अंकको ३ प्रतिशत (तीन प्रतिशत) बोलपत्र जमानत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटको गौर स्थित राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी हि.नं. १२११०२०३००००० मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा वाणिज्य बैंकले जारी गरेको बोलपत्र जमानत पेश गर्नुपर्नेछ । बोलपत्र जमानतको मान्य हुने अवधि १२० (एक सय बीस) दिनको हुनेछ ।
६. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन बिदा परेमा उक्त कार्यहरु सोको भोलीपल्ट हुनेछ ।
७. म्यादभित्र दर्ता हुन आएका बोलपत्र फारामहरु सोही दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाताहरुको वा निजका प्रतिनिधिहरुका रोहबरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
८. बोलपत्रमा कबोल गरिएको दररेट अंक र अक्षर दुवैमा प्रस्टरुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । साथै सर्त रहेको, म्याद नाघी वा रित नपुगी पर्न आएका बोलपत्रहरु उपर कुनै कारवाही हुने छैन ।
९. औषधि खरिद गर्दा WHO GMP Certified Company बाट उत्पादित औषधिहरु मात्र खरिद गरिनेछ ।
१०. आ.ब. २०७२/०७३ का लागि औषधि खरिदमा थप रकम निकासा भई आएमा यसै बोलपत्रमा समावेश गरिनेछ । बोलपत्रमा पेश गरेको मुल्य यस आ.ब. का लागि भएकोले आगामी आषाढ मसान्तसम्म कुनै प्रकारको मूल्य बृद्धि दिईने छैन ।
११. आपुर्ति हुने औषधिहरुको प्रत्येक प्याकिङ्को बाहिर उत्पादन मिति, Expirey Date, Batch No. तथा Supply For Ministry Of Health And Population Nepal (यो औषधि बिकीका लागि होइन) भनी लेखिएको हुनुपर्नेछ ।
१२. औषधि खरिदको बोलपत्र स्वीकृत गर्दा प्याकेजको रुपमा स्वीकृत नगरी प्रत्येक औषधिको छुट्टाछुट्टै आइटमवाइज कबोल अंक मध्ये न्यूनतम मूल्यका आधारमा स्वीकृत गरिनेछ ।
१३. बोलपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट पेश गर्नुपर्नेछ ।
१४. बोलपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउदा कबोल अंकको ५ प्रतिशत (पाच प्रतिशत) ले हुन आउने रकम बराबरको कार्य सम्पादन जमानतपत्र वा नगद उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ ।
१५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१६. बजेट निकासालाई आधार मानी आवश्यकता अनुसार औषधि एकैपटक वा पटक पटक गरी खरिद गर्न सकिनेछ । बोलपत्र फाराममा उल्लेखित औषधिहरुको परिमाणमा आवश्यकता अनुसार थपघट भएमा पनि यस कार्यालयको माग अनुसार औषधि आपूर्ति गर्नु पर्नेछ ।
१७. कार्यालयमा औषधि दाखिला हुन आउँदासम्म १८ महिनाको Expiry Date हुनुपर्नेछ । तर कुनै औषधिको जम्मा Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा Expiry Date को ७५ प्रतिशत म्याद बाँकी हुदाँ दाखिला गर्न सकिनेछ ।
१८. बोलपत्रको मान्य हुने अवधि ९०(नब्बे) दिनको हुनेछ ।
१९. कार्यालयसम्म औषधि आपूर्ति गर्न लाग्ने ढुवानी तथा अन्य करहरु बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।
२०. यस सूचनामा उल्लेख नभएको अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ । साथै बोलपत्र सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी बुझन सकिनेछ ।

| सि.नं. | विवरण | लागत अनुमान रु. (भ्याट बाहेक) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | औषधि खरिद | ३९,६२,७०८।०० | १,१९,०००।०० | |

**जिल्ला स्वास्थ्य प्रमुख**

## सम्पादकीय

# कार्यान्वयनको कसीमा कागजी योजना

विद्युत् उत्पादनको प्रशस्त सम्भावना भएर पनि नेपालले हालसम्म ७ सय ५० मेगावाटको हाराहारीमा मात्र विद्युत् उत्पादन गर्न सकेको छ। विस्तृत अध्ययन नभए पनि हालसम्म सरकारले दिएको तथ्यांकका आधारमा नेपालमा जलविद्युत् उत्पादनको क्षमता ८३ हजार मेगावाट छ तर उत्पादन त्यसको १ प्रतिशत पनि छैन। उत्पादन कमजोर भएका कारण नेपालीले दैनिक १४/१५ घन्टासम्म लोडसेडिङको समस्या भोग्नुपरेको छ। यसका कारण जे–जे भनिए पनि प्रमुख कारण उत्पादन कमजोर हुनु नै हो। उत्पादन कमजोर हुनुमा प्रमुख दोषी त सरकार नै हो। सरकारले विद्युत् उत्पादनको अभियानलाई ठिक तरिकाले कार्यान्वयन गर्न सकेकै छैन। सरकारी, अर्धसरकारी र निजी क्षेत्रको समन्वय वा निजी क्षेत्रको उत्पादन तिनओटै मोडेलमा सरकारको भूमिका प्रभावकारी हुन सकेन। फलस्वरूप ऊर्जा संकट चुलिँदै गएको छ। हुन त जलविद्युत् उत्पादन वृद्धिका लागि सरकारले योजना र कार्यक्रम नल्याएको होइन। बजेट पनि साह्रै कमजोर छैन तर उत्पादन भने हुन सकेको छैन।

नेपालमा गणतन्त्र आएपछिको योजना हेर्ने हो भने प्रत्येक वर्षझैं पाँच वर्षमा ५ हजार मेगावाट, पाँच वर्षमा १० हजार मेगावाट, १० वर्षमा १५ हजार मेगावाट, २० वर्षमा २५ हजार मेगावाट संकटकाल लगाएर साढे चार वर्षमा लोडसेडिङ अन्त्यलगायतका कागजी र गफाडी योजना धेरै आएकै हुन्। तर यस अवधिमा बल्ल २ सय ३ मेगावाटभन्दा बढी विद्युत् उत्पादन भएन। जबकि प्रत्येक वर्ष सरदर १ सय मेगावाटको हाराहारीमा विद्युत् उत्पादन वृद्धि हुन्छ। फेरि सरकारले १० वर्षको लागि ऊर्जा संकट निवारण दशक घोषणा गर्न लागेको छ।

अहिले कागजी योजना होइन, लोडसेडिङ हटाउने गफ होइन, विद्युत् उत्पादन वृद्धि गराएर लोडसेडिङबाट मुक्ति चाहेका छन्, जनताले। यसका लागि सरकारले योजनाभन्दा बढी कार्यान्वयनमा जोड दिनुपर्छ। विगतमा के–के कारणले जलविद्युत् उत्पादन हुन सकेन, यसका अवरोध के–के छन् ? ती अवरोध कसरी हटाउन सकिन्छ ? जलविद्युत् उत्पादन वृद्धि नहुनुमा सरकारका प्रक्रियागत झन्झटदेखि स्थानीय निकायमा विभिन्न माग राखेर हुने अवरोधहरूसमेत कारण छन्। यी कारकलाई कसरी निवारण गर्न सकिन्छ ? सोच्नुपर्छ। सामूहिक प्रतिबद्धतामा सबै राजनीतिक दलले हस्ताक्षर गरेका छन् तर व्यवहारमा जलविद्युत् आयोजनामा राजनीतिक दल तथा तिनका भ्रातृ संगठनका प्रतिनिधिकै अवरोध देखिएको छ। जलविद्युत् आयोजना, प्रसारण लाइन, वितरण व्यवस्थापनलगायत जताततै समस्या भइरहेको बेला ऊर्जा संकट निवारणका लागि भन्दै घोषणा गर्न लागिएको संकटकाल कार्यान्वयनमा बढी केन्द्रित गर्नुपर्छ। कागजी योजनाबाट जलविद्युत् उत्पादन हुन सक्दैन भन्ने कुरा विगतमा ऊर्जा मन्त्रालय आफैंले तयार गरेका योजना तथा कार्यक्रमले प्रस्ट देखाइसकेका छन्। यस्तो अवस्थामा ऊर्जा मन्त्रालयले संकट निवारणकाल घोषणा गर्दा यी धेरै पक्षलाई विश्लेषण गरेर घोषणा गर्नुपर्छ ताकि यो पनि विगतमा जस्तै 'गफाडीको गफ' झैं लोकप्रिय र तत्काललाई आनन्द लिने योजनामा मात्र सीमित नहोस्।

# रेमिट हाइड्रोको लाभ र चुनौती



■ राजु पौडेल

मुलुकमा आप्रवाह भइरहेको रेमिट्यान्स उत्पादनशील क्षेत्रमा आकर्षित हुन नसकेको भन्ने आवाजहरू उठ्दै गर्दा जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेडले 'रेमिट हाइड्रो लिमिटेड' मार्फत् विदेशमा कार्यरत नेपालीले दुःख गरी आर्जन गरेको रेमिट्यान्स मुलुकको जलविद्युत् क्षेत्रमा प्रत्यक्ष लगानी गर्न पाउने अवसर खुलाइदिएको छ। यद्यपि, यस्ता प्रयास यसभन्दा पहिले पनि नभएका होइनन्। सरकारले जारी गरेका बोन्ड एवं प्रवासी नेपालीहरूको साझा संगठन गैरआवासीय नेपाली संघले 'एनआरएन इन्भेस्टमेन्ट लिमिटेड' मार्फत् त्यही समुदायलाई लक्षित गरी यस्तै उद्देश्यले सञ्चालनमा ल्याएका सामूहिक लगानीका प्रयत्नले आशा गरेअनुरूपको सफलता हासिल गर्न सकेका छैनन्। कतिपय अवस्थामा यस्ता परियोजना लक्षित समूहका लागि अत्यन्तै महत्त्वाकांक्षी सावित भएका छन्। कतिपय अवस्थामा परिवारको भरणपोषणका लागि प्रवासिएका युवाको सीमित आमदानीले यस्ता परियोजनामा लगानी गर्ने इच्छा हुँदाहुँदै पनि पहुँच स्थापित गर्न सकेन। यी प्राविधिक कठिनाइका बिच प्रवासी युवाले रेमिट्यान्स विलासितामा खपत भएको भन्ने आरोप खेपिरहेका छन्। 'रेमिट हाइड्रो लिमिटेड'को पवित्र उद्देश्यलाई टुंगोमा पुर्‍याउन पहिला यी आरोपको सत्य खोतल्नुपर्दछ।

**रेमिट्यान्स विलासितामा खर्चिएकै हो त ?**

होइन, यो सर्वथा मिथ्या आरोप हुने छ। रेमिट्यान्सको पैसा बोकेर क्यासिनोमा पक्राउ परेका घटना अहिलेसम्म सुन्नुपरेको छैन। सार्वजनिक संस्थानको जीर्ण अवस्थाले प्रवासी नेपालीमा आश्रित परिवारका सदस्य चर्को मूल्यमा आधारभूत आवश्यकताका सेवा विनिमय गर्न बाध्य छन्। रेमिट्यान्सको मुख्य हिस्सा यहीँ खपत भएको छ। यो विलासिता हो कि आधारभूत आवश्यकता ? घरमा काम गर्ने उमेरका एक वा सोभन्दा बढी सदस्य देशको भूगोलबाहिर छन्। तुलनात्मक रूपमा बढ्ता श्रम चाहिने नेपालका कैयौं भूमि श्रम अभावमा बाँझिएका छन्। आफ्नो पाखाबारीमा उत्पादन घटेपछि बजारको भर पर्नु रेमिट्यान्स आश्रित घरपरिवारको बाध्यता हो। यस्ता घरधुरीको संख्या अहिले नेपालमा झन्डै ६० प्रतिशत छ। ती घरधुरीले कुल रेमिट्यान्सको ८० प्रतिशत हिस्सा यस्तै शीर्षकमा खपत गर्दछन्। रेमिट्यान्समा आश्रित घरधुरीका यी वस्तुगत समस्याको न्यूनीकरण 'रेमिट हाइड्रो लिमिटेड'को प्रभावकारितासँग जोडिएको छ।

रेमिट्यान्सको पैसा खर्च गर्ने प्रवृत्ति विश्वमा लगभग समान छ। विगत ५० वर्षदेखि रेमिट्यान्समा आश्रित रहँदै आएको फिलिपिन्सको आर्थिक उन्नति सधैं दयनीय हुनु यसैको राम्रो उदाहरण हो। झन्डै एक करोड बंगलादेशी नागरिक आप्रवासी श्रमिकको रूपमा अन्तर्राष्ट्रिय श्रम बजारमा छन्। ती श्रमिकले बंगलादेशमा पठाउने रेमिट्यान्सको झन्डै ७८ प्रतिशत हिस्सा आधारभूत आवश्यकता वा दैनिक उपभोग्य सामग्रीको खरिदमा खपत हुन्छ। बाँकी झन्डै २२ प्रतिशत उत्पादनशील क्षेत्र वा बचतमा जान्छ। यो तथ्यांक र नेपालको तथ्यांकमा मात्र २ प्रतिशतको फरक छ। शीर्षक तिनै हुन्। आश्रितको बाध्यता त्यही नै हो। यो सानो तुलनात्मक अध्ययनले पनि रेमिट्यान्समा आश्रित परिवारको विश्वव्यापी साँघुरो बाध्यतालाई झल्काइदिएको छ। यो बाध्यता फुकाउने चुनौती 'रेमिट हाइड्रो लिमिटेड' को काबुमा मात्र छैन।

**लक्षित समूहलाई सम्झाउने कसरी ?**

सुदुरपूर्वी जिल्ला ताप्लेजुङका दुई घुन्सा र सिंबुओ खोलामा बग्ने पानीबाट पहिलो चरणमा निर्माण हुने १ सय ३२ मेगावाट क्षमताका परियोजनामा मध्यपूर्व तथा मलेसिया वा अन्य देशका श्रम बजारमा बगेको सस्तो नेपाली पसिनाको कमाइलाई आकर्षित गर्न त्यति सजिलो छैन। रेमिट हाइड्रो लिमिटेडले ती दुई आयोजना विकास गर्न लाग्ने कुल लागत १९ अर्ब रूपैयाँको ३० प्रतिशत अर्थात् करिब ५ अर्ब रूपैयाँ इक्विटी जुटाउनुपर्ने छ। त्यसमध्ये २४ प्रतिशत अर्थात् झन्डै सवा अर्ब रूपैयाँ विदेशमा कार्यरत नेपालीहरूको अधिकारमा हुने छ। त्यो अधिकार तनाव क्षेत्र मानिने पूर्वी साउदी कतिफमा कार्यरत नेपालीले लिन सक्लान् कसरी ?

प्रश्न जटिल छ, तर लिन सक्दा राष्ट्र र रेमिट हाइड्रो लिमिटेडभन्दा बढ्ता स्वयं तिनै श्रमिक लाभान्वित हुने छन्। हाइड्रोमा मात्र होइन, उत्पादनशील क्षेत्रमा गरिएको लगानीबाट लामो समयसम्म अद्यावधिक आर्थिक प्रतिफल लिइरहन पाइन्छ। नेपाली सेवा उद्योगका दरिला कम्पनी नागरिक लगानी कोष र बिमा संस्थान यो परियोजनामा साझेदार बन्ने छन्। तसर्थ, धनकै अभावमा यो अलपत्र पर्ने छैन। ५० करोड रूपैयाँको अधिकृत र २५ करोड रूपैयाँको चुक्ता गरी कुल ७५ करोड रूपैयाँको आर्थिक आधार तय भइसकेको अवस्थामा आइपुगेको सरकारी कम्पनी थप पुँजी संकलनमा विदेशमा कार्यरत नेपाली श्रमिकलाई आकर्षित गर्न नेपाली श्रमिकले अन्तर्राष्ट्रिय श्रम बजारमा मुस्किलले पाउने सप्ताहन्तको एक दिन आजैदेखि भरपूर उपयोगमा ल्याइनुपर्छ। बाँकी रचनात्मक सहयोगका लागि प्रवासी नेपालीहरूको साझा संगठन गैरआवासीय नेपाली संघलगायत नेपाली समुदायमा आधारित प्रवासमा क्रियाशील संघसंगठनको भूमिका केन्द्रमा रहने छ। सम्झाउने बुझाउने कामको थोरै जिम्मेवारी विदेशस्थित नेपाली कूटनीतिक नियोगलाई थमाउन सक्दा कम्पनीको विश्वसनीयता बढ्छ।

**हाइड्रोमा मात्र होइन, उत्पादनशील क्षेत्रमा गरिएको लगानीबाट लामो समयसम्म अद्यावधिक आर्थिक प्रतिफल लिइरहन पाइन्छ। नेपाली सेवा उद्योगका दरिला कम्पनी नागरिक लगानी कोष र बिमा संस्थान यो परियोजनामा साझेदार बन्ने छन्। तसर्थ, धनकै अभावमा यो अलपत्र पर्ने छैन।**

अब विदेशमा कार्यरत नेपालीलाई सम्झाउने मुख्य चुनौती प्रतिफल र पैसा पठाउने तत्कालीन समस्यामा केन्द्रित हुने छ। दुःखले आर्जन गरेको धनको प्रतिफल ढिलो हुने छ भन्ने भाषाले त्यो आशा गरिएको २४ प्रतिशत रकमलाई उल्लेख्य घटाइदिने छ। विदेशमा कार्यरत श्रमिकको भरमा बाँच्ने परिवारका सदस्यले प्रतिफलको लागि लामो समय प्रतीक्षा गर्न सक्दैनन्। तसर्थ, कसरी हुन्छ छिटोभन्दा छिटो प्रतिफलको सुनिश्चितता गरिनुपर्दछ। नेपाली रेमिटर नगदमा रेमिट्यान्स गर्नमा अभ्यस्त छन्। लाग्छ, लक्षित समूहमा पर्ने झन्डै ८० प्रतिशत भन्दा माथिकाले बैंक खातामा पैसा रकमान्तर गर्दैनन्। नगद ट्रान्जेक्सन पठाउने र केही समयमा आफ्ना प्राप्तकर्ताले पैसा पाए नपाएको यकिन गरी ढुक्क भएर बस्ने प्रचलन बढ्ता छ। यो प्रचलनका बिचबाट समाधान खोज्न सम्बन्धित निकायले बढ्ता चलेका रेमिट्यान्स कम्पनीहरूसँग सहकार्य गर्न सक्छन्। ससानो रकम लगानी गर्न उत्सुक कामदारका लागि क्रमिक बचत राखेको पैसा सो प्रयोजनका लागि खिच्न सकिने प्रावधान मिलाइनुपर्छ। रकमको अंश थोरै भएर लगानी गर्नबाट वञ्चित हुनुपर्ने अवस्थाको अन्त्यका लागि त्यस्ता इच्छुकले संस्था वा कम्पनीमार्फत् लगानी गर्ने अवसरलाई खुला छाडिदिनुपर्छ।

**रेमिट्यान्सको चुहावट रोक्नु**

नेपालका धेरै कलमबाजले रेमिट्यान्स विलासितामा मात्र खपत भएको पक्षपाती कुरा लेख्छन्। यसमा कुनै सत्यता छैन। सत्यता बरु चुहावटमा छ। त्यही पनि कार्यरत देशमा त्यसैमा पनि अनुपयोगी विलासिताको सामग्री खरिदमा। एउटा श्रमिकले वार्षिक छुट्टीमा घर फर्किंदा कम्तीमा तिन महिनासम्मको आफ्नो पूरा तलब किनमेलमा खर्चिन्छ। सके समानको अतिरिक्त मूल्य भुक्तान गरेर आफैं सँगै ल्याउँछन्, नभए कार्गोमार्फत मगाउँछन्। यसरी ल्याइने सामानको पूर्ण सदुपयोग नेपालमा हुँदैन। उपयोग नै भए पनि थोरै मूल्य बढ्ता भुक्तान गर्दा नेपाली बजारमा नै सर्वसुलभ पाइन्छन्। नेपाली अर्थतन्त्रलाई यसको दोहोरो घाटा छ। एउटा रेमिट्यान्सको हिस्सा अन्तर्राष्ट्रिय बजारमा किनमेलमा सकिन्छ, अर्को स्थानीय व्यापार प्रभावित हुन्छ। यो चुहावट नियन्त्रणको गतिलो शिक्षा दिने हो भने सवा अर्बको स्रोत कहीँ खोज्न जानुपर्दैन।

वित्तीय अनुशासनमा प्रवासी नेपाली मात्र होइन, हाम्रो राज्यको नीति निर्माण तह नै सबल छैन। हिउँदभरि भत्केका सडक वर्षायामको नजिक टालटुल पारिन्छ। वर्षायामको भेलले त्यस्ता पुनर्निर्मित सडक एक महिना पनि टिक्न दिँदैन। अस्थायी कामका लागि पैसा खर्च गर्ने प्रणाली राज्यको जस्तो छ, नागरिकको पनि त्यस्तै छ। विदेशी कामदारका आश्रितमा पनि रेमिट्यान्सलाई त्यसरी नै खर्च गर्ने बानी परेको छ। मितव्ययी घर व्यवहार सञ्चालनको जिम्मेवारीमा हुने श्रमिकका आश्रित यस्तो नीतिगत ढाँचाको प्रभावमा परेका छन्। रेमिट्यान्सको कतिपय अंश यस्तैयस्तै अस्थायी प्रकृतिको काममा नेपालमै पनि चुहावट भएको छ। यसमा नियन्त्रण गर्न सक्दा पनि श्रमिकको वित्तीय तनाव कम हुन्छ र स्वतन्त्र ढंगले रेमिट्यान्सलाई उत्पादनमुखी कार्यमा लगाउन प्रेरित बन्छ।

कुनै पनि असल कामको सुरुआत झन्झटिलो मानिन्छ । यी झन्झटबाट सफल अवतरण हुँदा अँध्यारोमा बस्नुपर्ने धेरै नेपालीको समस्या थोरै भए पनि सहज हुन्छ। यस्तो पवित्र कामको अग्रसरतामामा सहयोग पुर्‍याउने स्रोत साधन हामीसँगै नै छ भने यस्तो कष्टकर जीवनको अन्त्य किन नगर्ने ?, जसले दशकौं घरपरिवारको साथबाट टाढा बस्नुपर्ने नेपाली युवाको बाध्यतालाई पनि सम्बोधन गरेर लाभ प्रदान गर्न सक्छ।

# सूचनाको हकको पक्षमा



■ कृष्णहरि बाँस्कोटा

सार्वजनिक निकायले जनताको सूचनाको हकको नाममा जति बढी पारदर्शी भएर काम गर्‍यो, उति नै भ्रष्टाचार घट्ने रहेछ। सरकारी निकायका पदाधिकारीले जति बढी सूचना जनतामा सम्प्रेषण गरे, उति नै उनीहरू जनताप्रति जिम्मेवार र उत्तरदायी हुने रहेछन्। 'म सधैं जनताकै पक्षमा काम गरिरहेको छु, म लोकतन्त्रको पक्षपाती हुँ' भन्ने नेता र प्रशासकले व्यवहारमै जनताको सूचनाको हकको प्रचलन गराएर यस कुराको प्रमाणित गर्नुपर्ने रहेछ। जो जति गोप्य हुन खोज्यो, उसलाई उति नै बढी शासन गर्ने भोक रहेछ भन्ने बुझिने रहेछ। जसले जति सूचना लुकाउन खोज्यो, उति नै उसले गरेका कर्तुत ढाकछोप गर्न खोजेको बुझिने रहेछ।

लोकतन्त्रको सूचक सूचनाको हक हो। लोकतन्त्रका आधार स्तम्भमा सुशासन, उत्तरदायी सरकार, पारदर्शिता, जवाफदेहिता, जनताको सशक्तीकरण र वाक एवं प्रकाशन स्वतन्त्रतालाई स्वीकार गरिएको छ। सूचनाको हक लागू गर्नु भनेको अँध्यारोबाट उज्यालोतर्फको यात्रा आरम्भ गर्नु हो। सूचना प्रवाहको बाधक तत्त्व भनेको यथास्थितिवादी सोच हो। भ्रष्टाचारजन्य गतिविधिका सूचना संसारभर नै लुकाउने प्रयास गरिन्छ। कानुनविपरीत भएका काम कारबाही बाहिर नआऊन् भन्ने चाहना तत्पदाधिकारीले राख्नु स्वाभाविकै हो। यिनै कुरालाई समयमै नियन्त्रण गर्न विश्वव्यापीस्तरमै सूचनाको हकको प्रभाव बढ्दै आएको छ।

हाल विश्वव्यापीस्तरमा सञ्चालन भइरहेको तेस्रो पुस्ताको प्रजातन्त्रको मापनको सूचकांकको काम सूचनाको हकले गरेको छ। यस क्षेत्रमा जुन मुलुक उम्दा छन्, ती मुलुक बढी लोकतान्त्रिक ठहरिएका छन्। जुन मुलुकमा सूचनाको हकसम्बन्धी अभ्यास कमजोर अवस्थामा छ, सो मुलुकमा लोकतन्त्र कमजोर छ भनी बुझ्दा सायदै गल्ती हुन्छ।

सूचना नपाउनु भनेको न्याय नपाउनु हो। कुनै सूचना कसैले पाउने र कसैले नपाउने हुँदा त्यसबाट कोही लाभान्वित हुने र कोही लाभ पाउनबाट वञ्चित हुन पुग्दछन्। यसबाट राज्य स्वयंले आफ्ना नागरिकबिच विभेद गरेको ठहरिन पुग्छ। यसर्थ प्रत्येक सरकार र सरकारका पदाधिकारी सूचनामैत्री हुनुपर्छ।

पारदर्शिता, उत्तरदायित्व, जिम्मेवारीबोध र जनमुखी शासन पद्धतिले मुलुकमा सुशासन प्रवर्द्धन हुन्छ। सुशासनको प्रवर्द्धनसँग भ्रष्टाचार, विकृति, विसंगति क्रमशः न्यूनीकरण हुँदै जान्छ भन्ने किताबी ज्ञान भएकाले सूचना सार्वजनिकीकरण गर्नमा पनि आफूलाई अभ्यस्त गरे मात्रै पढेको ज्ञान व्यवहारमा उतारेको महसुस हुने हो।

एउटा कटु सत्य, हाल चुनाव जितेका नेताले अर्को पटक चुनाव हार्न सक्छन्। हाल सत्तामा रहेको राजनीतिक दल भोलि प्रतिपक्षमा पुग्न सक्छ। हालको उच्च प्रशासक भोलि सेवाबाट अवकाश हुन्छन्। सधैं एउटा व्यक्ति शक्ति र सत्तामा रहन सक्दैन। आफू सत्ता र शक्तिमा भएका बखत सूचनाको हकलाई बलियो बनाउन पछि परेपछि आफू सत्ता र शक्तिबाट बाहिरिएका बखत आफूले खोजेको सूचना नपाउँदा 'पानीबिनाको माछा' झैं छट्पटाउनुपर्ने हुन्छ।

धेरै सरकारी निकायले आफ्ना तथ्यांकहरू 'पीडीएफ फर्म्याट'मा सार्वजनिक गर्ने गरेका छन्। यसरी 'वेबसाइट'मा उपलब्ध तथ्यांकहरू सजिलै उपयोग गर्न सकिन्न। यसलाई 'कौवालाई बेल पाक्यो हर्ष न विस्मात'का रूपमा लिन सकिन्छ। कारण, कागले पाकेको बेल फुटाएर खान सक्दैन। कैयौं सरकारी निकायले तयार गरी सार्वजनिक गरेका तथ्यांकमा 'कपिराइट' राख्ने गरेका छन्। यस्तो तथ्यांक प्रयोग गर्नुपूर्व सहमति लिनुपर्ने कानुनी व्यवस्था छ। तर, तिनै सरकारी निकाय कपिराइट लेखिएको र त्यसको कानुनी दायित्वप्रति अनभिज्ञ छन्।

सार्वजनिक निकायमा काम गर्ने सबैले जानेको कुरा सूचना प्रवाह गर्नुपर्छ भन्ने हो, तर यस्तो कार्य साह्रै थोरैले गर्ने गरेका छन्। जो यो थोरै संख्याभित्र छन्, ती आफ्नो पेसामा सफल छन्। विशेषगरी सरकारी निकायमा रहेका पदाधिकारी, जसले निर्धक्क भएर सूचना सम्प्रेषण गरेका छन्, ती सधैं लोकप्रियताको शिखरमा छन्।

जसले कर्मचारी भएर उत्ताउलो भएर बोल्नुहुन्न भनेर मुख बन्द गरेर बसेका छन्, ती प्रायः कर्मक्षेत्रमा असफल छन्। तिनले काम गरेका छन् तर जस नपाएकामा ती कुण्ठित छन्। सेवाबाट अवकाश हुँदा पनि ती सधैं जीवनप्रति गुनासो गरेर बाँच्न बाध्य छन्। यस्ता सल्लाहलाई तिनले 'अर्ति उपदेश चाहिएन' भन्ने गरेका छन् र खुलापना अपनाएको आफ्नो सहकर्मीको लोकप्रियता देखेर इर्ष्याले चाउरिएका छन्।

सरकारी र सार्वजनिक निकायले स्वतन्त्र रूपमा ढोकाबाट माग गरिएको सूचना नदिएमा सूचना मागकर्ता झ्यालबाट भित्र पसी सो सूचना लैजान्छ भन्ने हेक्का राख्नुपर्छ। यसैले गलत सूचना दिनु वा अपूरो सूचना दिनु एक प्रकारले संस्थाका लागि घात गरेसरह हुन्छ। आफूसँग रहेको सूचना सम्प्रेषण गरेपछि हरेक व्यक्तिले हलुंगो महसुस गर्छन्। वास्तविकतालाई नियाल्ने हो भने एउटाले सूचना नदिए पनि अर्कोले दिन्छ नै। जसले सूचना दिन्छ, ऊ असल प्रशासक ठहर्छ। उसकै तरक्की भएर जान्छ। जो गोप्य भइरहन चाहन्छ, ऊ समाजबाट टाढिँदै जान्छ।

कुन बखत कसरी सूचना सम्प्रेषण गर्नु ठिक होला भन्ने प्रश्न उठ्न सक्छ। यथार्थमा सूचना प्रवाह गर्न साइत हेर्नुपर्दैन। प्रत्येक मुहूर्त सूचना सम्प्रेषणको लागि शुभमुहूर्त नै मानिन्छ। मन्त्रिपरिषद्को बैठकपछि प्रवक्ता मन्त्रीले सबै निर्णय सार्वजनिक गर्ने गरेका छन्। व्यवस्थापिका संसद्को छलफल खुला हुन्छ। अदालतमा खुला इजलासमा बहस हुन्छ र न्यायाधीशले सबैका अगाडि निर्णय सुनाइदिन्छन्।

आफूपूर्वका प्रशासक गोप्य रहे, तिनले प्रेससँग कहिल्यै बोलेको देखिएन, त्यसैले मैले पनि बोल्नुहुन्न होला भन्ने धेरैमा भ्रम छ। हामीभन्दा अगाडिका पुस्ता कोही पञ्चायतकालीन व्यवस्थामा कार्यरत थिए, कोही राजाको प्रत्यक्ष शासनको समयमा क्रियाशील थिए, सो समय सूचना प्रवाह गर्न अनुकूल थिएन होला। हाल हामी लोकतन्त्रमा कार्यरत छौं। लोकतन्त्रको विशेषताभित्र जनताको सूचनाको हक पनि पर्दछ। साथै लोकतन्त्रको मापक नै सूचनाको हक हो। यसर्थ यदि हामी लोकतन्त्रको पक्षधर हौं भने निर्धक्क भएर सूचना सम्प्रेषणमा जुटौं।

राजनीतिक दलका भ्रातृ संगठनको रूपमा रहेका विद्यार्थी, महिला, मजदूरलगायतका संघसंगठनमा काम गर्ने राजनीतिककर्मीले आफू कार्यरत निकायमा सूचनाको हकको प्रचलन गरे गराएमा ती मुलुकको उच्च पदमा पुग्दा, मन्त्री हुँदा सोही सोचमा ती निकाय सञ्चालन गर्न सक्छन्। सूचनाको हकको अभियन्ता भएर काम गरेको व्यक्ति, जनतालाई सूचना दिलाउन खटिएको कार्यकर्ता र सूचनाको हकप्रति सचेत राजनीतिकर्मीले मन्त्री भएर सो मन्त्रालय र मातहत पूरै संगठनलाई सूचनामैत्री तुल्याउन खासै कसरत गर्नुपर्दैन। कर्मचारीले सूचना दिनुपर्छ भनेमा दिनुपर्छ भन्ने र दिनु हुँदैन भनेमा नदिने निर्णय गर्ने राजनीतिकर्मीलाई 'राजनीतिज्ञ' भन्न धक लाग्नु स्वाभाविकै हो।

प्रवक्ता र सूचना अधिकारी एउटै व्यक्ति हुन् वा फरक हुन् भन्ने धेरैमा द्विविधा छ। कार्यालय प्रमुखले आफ्नो अनुकूलता विचार गरी एउटै व्यक्तिलाई दुवै जिम्मेवारी दिन पनि सक्छन्। तर, यी दुई विषय फरक हुन्। सामान्य रूपमा विश्लेषण गर्दा सार्वजनिक निकायबाट भएका गतिविधिको जानकारी गराउने, आफ्नो संस्थाको विरुद्ध आएका सूचनाको खण्डन गर्ने, संस्थाको बचाउ गर्ने र संस्थाको सार्वजनिक शाख निर्माणमा काम गर्ने जिम्मेवारी प्रवक्ताको काँधमा रहेको छ। सामान्य अर्थमा सूचना अधिकारी भनेका जनताको पक्षमा काम गर्ने सार्वजनिक निकायका पदाधिकारी हुन्। यिनले संविधान र कानुनले नागरिकलाई प्रदत्त गरेको सूचना पाउने र जान्ने हकको संरक्षण, प्रवर्द्धन र प्रचलनको काम गर्दछन्। यिनले संविधान र कानुनले व्यवस्था गरेअनुसार सूचनाको हकसम्बन्धमा नागरिकलाई सुसूचित गराउनुका साथै नागरिकलाई आवश्यक परेका सबै सूचना प्रवाह गर्दछन्। यसर्थ सूचना अधिकारीको जिम्मेवारी पाउनु स्वयंमा गर्वको विषय हो।

सार्वजनिक निकायमा तिन किसिमका मानिस कार्यरत छन्। एकाथरी ज्ञानी छन्, माग्नेबित्तिकै सूचना दिन्छन्। तिनीहरूलाई धन्यवाद दिन बिर्सनुहुँदैन। अर्काथरी, राम्ररी कुरा बुझाएर सूचना मागेमा, कुरा बुझ्छन् र सूचना दिन्छन्। तिनलाई पनि धन्यवाद दिनै पर्छ। अर्काथरी हुटिट्याउँ प्रवृत्तिका छन्। आफूसँग भएको सूचना सार्वजनिक गरे पृथ्वी नै ढल्छ भन्ने ठान्छन्। सूचना लुकाएर जनतामाथि शासन गर्न पल्किएका तिनै वर्गका कर्मचारीले सूचनाको हकसम्बन्धी कानुनले पाँचओटा विषयबाहेकका सबै सूचना नगरिकले पाउँछन् भन्ने बुझेर पनि अनेक कानुन देखाएर सूचना दिन अत्तो थापिरहन्छन्। तिनलाई राष्ट्रिय सूचना आयोगसम्म ल्याई कानुनी कठघरामा उभ्याउनुपर्छ।

नेपालको संविधान र कानुनले नागरिकलाई सूचनाको हकरूपी अपूर्व उपहार दिएको छ। यसको प्रचलनमा हरेक नागरिक खरो उत्रिनुपर्छ। चिट्ठामा मोटरसाइकल पुरस्कार पाएपछि त्यसलाई पेट्रोल हालेर गुडाउनुपर्छ। गाईको दुध पिउन, गाईलाई नियमित घाँस हाल्नुपर्छ। जाडोमा जिउ तताउन घाम लागेको पारिलो स्थानमा उभिनु वा बस्नुपर्छ। प्यास लागेको बखत मुखमा पानी राखेर पुग्दैन, त्यसलाई निल्नुपर्छ। ठिक यसै रीतले आफूलाई संविधानले दिएको सूचनाको हकको दैनिक जीवनमा प्रचलन गर्न सूचना माग्न र पाउन सफलता हात पार्नुपर्छ।

प्रत्येक सूचना अधिकारीले 'म कार्यरत सार्वजनिक निकाय र जनताबिचको सेतु हुँ। मैले जनतालाई सूचना नदिए कसले दिन्छ, अहिले नदिए, कहिले दिने ?' भन्ने प्रतिप्रश्न आफैंसँग गर्नुपर्छ। यसैगरी कानुनले नदिनु नभनेको, नरोकेको सूचना दिन मलाई के बाधा छ र ? मेरो कार्यालय प्रमुखले सूचना नदिनु भनेका छैनन् ? म जस्तै अरू सूचना अधिकारीले सूचना दिइरहेका छन्। म मात्रै किन जनताको नजरको अर्घेलो ठहरिऊँ। मैले सूचना दिँदा विधिको शासन लागू हुन्छ। म कार्यरत सार्वजनिक निकायका काम कारबाही मापदण्डसम्मत ढंगले चल्न सक्षम हुन्छ। मेरो निकायमा पक्षपात र मुलाहिजाको अन्त्य हुन्छ। कुनै पनि प्रकारको भ्रष्टाचार, विकृति र विसंगतिको अन्त्य हुन्छ। सार्वजनिक सुनुवाइले बढावा पाउँछ। गुनासो सुन्ने प्रवृत्तिमा वृद्धि हुन्छ। खुला सरकारको अवधारणा लागू हुन्छ। मेरो संगठनभित्र सुशासन भित्रिन्छ। यसबाट सार्वजनिक निकायबिच म कार्यरत निकाय आदर्श वा नमुना कार्यालय ठहरिन पुग्छ भने यस्तो अपूर्व योगदान गर्न पाउने मौका किन गुमाउनु ? भनी प्रत्येक सूचना अधिकृतले सोच्ने हो भने स्थितिमा भारी परिवर्तन आउने छ।

धमिलो पानीमा माछा मार्न पल्किएका नै भ्रष्टाचारमा लिप्त हुने हो। उनीहरूले नै राज्यको सूचना लुकाई गलत हर्कतलाई बाहिर ल्याउन नदिने हो। जनताले तिरेको कररूपी राष्ट्रिय ढुकुटीबाट तलब र सुविधा लिई काम गर्ने र सो कामबाट सिर्जना भएको सूचनालाई आफ्नो निजी सम्पत्तिसरह ठान्नेहरू नै भ्रष्टाचारका बाहक हुन्।

# पर्यटनको सम्भावना, ब्रान्डिङ र बजारीकरण



■ रोशन पोखरेल

पर्यटन एक ठाउँबाट अर्को ठाउँमा जानु घुम्नुसँग सम्बन्धित छ। सभ्यताको सुरुआतमा खाना तथा सुरक्षाको खोजीका लागि हुने गरेको भ्रमण कार्य, बिस्तारै अध्ययन, धार्मिक प्रचारप्रसार र व्यापारिक हुँदै अहिले मनोरञ्जन, साहसिक यात्रा र सामाजिक अध्ययन अनुसन्धानका लागि हुने गरेको पाइन्छ। विश्व जगत्मा केही समययता पर्यटन उद्योग सबैभन्दा द्रूत गतिमा विकास हुँदै गरेको उद्योगका रूपमा स्थापित छ। पर्यटन बहुआयामिक उद्योग पनि हो। प्रकृतिप्रदत्त सम्पदादेखि मानव निर्मित ऐतिहासिक तथा सामरिक महत्त्वका सम्पदा/संस्कृति सदैव पर्यटक आकर्षण केन्द्रका रूपमा रहँदै आएका छन्। प्राकृतिक सम्पदाका साथै विविध धर्म संस्कृतिले भरिपूर्ण नेपाल प्रशस्त पर्यटन सम्भावना भएको मुलुक हो। विभिन्न समयमा भएका अध्ययन अनुसन्धानबाट समेत यो तथ्य प्रमाणित हुँदै आएको छ। हालैमा विश्वचर्चित ट्राभल गाइड प्रकाशक कम्पनी 'रफ गाइड्स'ले प्रकाशन गरेको एक सूचीमा सन् २०१६ मा घुम्नै पर्ने मुलुकहरूको प्रथम स्थानमा नेपालको नाम रहनु, बेलायतको प्रख्यात पत्रिका 'दि गार्जियन'ले साहसिक पर्यटकीय गन्तव्यको रूपमा नेपाललाई अघि सार्नुले पनि यो तथ्यमाथि बलियो आधार थप्ने काम गरेको छ। नेपालको अर्थतन्त्रलाई उकास्न सक्ने ल्याकत भएका क्षेत्रमध्येको प्रमुख एक क्षेत्रका रूपमा परिभाषित पर्यटन क्षेत्रले विविध कारणवश अपेक्षित प्रतिफल भने हासिल गर्न सकेको पाइन्नँ।

विडम्बना नै मान्नुपर्छ, नेपालमा पर्यटकीय संभावनाको जति नै चर्चा परिचर्चा गरिए तापनि पर्यटन विकासको दीर्घकालीन रणनीति तयार गर्न सकिएको छैन। न त पर्यटन विकासका लागि अपरिहार्य बजारीकरणका प्रभावकारी कदम नै चालिएका छन्। समयसमयमा मनाइने भ्रमण वर्षबाहेक अन्य ठोस कार्यक्रमसमेत संचालनमा आएका पाइन्न। नेपालको पर्यटन अन्तर्राष्ट्रिय पत्रपत्रिका तथा जर्नलमा प्रकाशित हुने यस्तै सर्वेक्षण तथा समाचारका कारण मात्र धानिँदै आएको छ। पर्यटनको विश्व बजारमा नेपालको पर्यटनलाई चिनाउने ठोस रणनीति तयार गर्नमा जति ढिलाइ गरिन्छ, नेपाली पर्यटन उति नै ओझेलमा पर्दै जाने निश्चित छ। विश्वव्यापीकरण तथा खुला बजारको प्रभाव स्वरूप विश्व बजारका हरेक क्षेत्रमा तीव्र प्रतिस्पर्धा छ।

पर्यटन बजार पनि अन्य बजार जस्तै खुला बजार हो। स्वाभाविक रूपमा प्रतिस्पर्धामा देखिएको बढोत्तरीसँगै विश्व पर्यटन बजारमा नेपाली पर्यटन क्षेत्रले धारिलो चुनौतीको सामना गर्न तयार रहनु आवश्यक छ। विश्व बजारमा दिनानुदिन नयाँनयाँ आकर्षक पर्यटकीय गन्तव्य थपिने क्रम जारी छ। सस्तो र सुलभ अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्यको बढोत्तरीसँगै आन्तरिक पर्यटनसमेतमा नकारात्मक असर पर्ने देखिएको छ। उस्तै खर्चमा सम्पन्न हुने स्वदेश भ्रमणभन्दा विदेश भ्रमण सबैको रोजाइमा पर्दै गएको छ। यस्तो अवस्थामा नेपालको पर्यटन विकासका लागि अन्तर्राष्ट्रको ध्यान आकृष्ट हुने गरी गरिने बजारीकरणभन्दा अन्य उत्तम विकल्प छैन।

पर्यटन व्यवसायलाई राज्यको मुख्य आमदानीको स्रोत बनाउँदै लोभलाग्दो प्रगति हासिल गर्ने मुलुकको सूची बनाउने हो भने, लामै सूची बन्ने निश्चित छ। प्रचारप्रसारको अभावमा नेपाली पर्यटन क्षेत्रले भने भारतीय पर्यटकबाट हुने व्यापारिक, धार्मिक भ्रमणबाहेक अन्य सार्क मुलुकका पर्यटकलाई आकर्षित गर्न सकेको समेत पाइन्नँ। विश्व पर्यटन बजारमा ठुलो स्थान ओगट्ने चिनियाँ पर्यटकलाई आकर्षित गर्ने गरी हालै भिसा शुल्क मिनाहा गरे तापनि लक्षित ग्राहकसम्म सूचना सम्प्रेषण गर्न नसक्दा अपेक्षित परिणाम हासिल गर्न नसकिएला कि भनी चिन्ता जाहेर गर्नु अन्यथा नहोला। विगतमा पनि कैयौ नीति प्रभावकारी कार्यान्वयन र सञ्चारको अभावमा फोस्रा कागजी नीतिमा मात्र सीमित भएका थिए। नेपाली पर्यटनलाई गति दिन मूलतः दुईओटा कुराको आवश्यकता छ। एउटा हो, न्यूनतम पूर्वाधारको विकास, जसमा पर्यटनमैत्री वातावरणदेखि भौतिक पूर्वाधारसम्म पर्दछन् भने अर्को हो, नेपाली पर्यटन क्षेत्रको विशिष्ट ब्रान्डसहितको बजारीकरण। यसरी पर्यटन क्षेत्रको विकास गर्ने हो भने यो क्षेत्र वैदेशिक मुद्रा आर्जन तथा रोजगारीको राम्रो स्रोत बन्नेमा शंका छैन। पर्यटन यस्तो क्षेत्र हो, जहाँ थोरै मात्र बजारीकरणको सहायता लिने हो भने जे पनि बिकाउन सकिन्छ। हामीसँग प्रकृतिको अथाह विलक्षण सुन्दरता छ। सानो भूगोलमा अटाएको विविधता छ। चाखलाग्दा धर्म, संस्कृति तथा रहनसहन छन्। बजारीकरणको माध्यमबाट यसलाई विश्व बजारमा संप्रेषित मात्र गर्नु आवश्यक छ। अझ हाम्रो जस्तो कृषिप्रधान मुलुकमा कृषि, ऊर्जा तथा पर्यटनलाई सँगसँगै लिएर जाने हो भने द्रूत र दिगो विकास सम्भव छ।

**जसरी अन्य वस्तु तथा सेवाको पहिचानका साथै भिन्न उपस्थितिका लागि ब्रान्डिङ गरिन्छ, त्यसरी नै उच्च बिक्रीको लागि पर्यटनमा पनि अन्य वस्तु तथा सेवाको बजारीकरणमा जस्तै ब्रान्डको आवश्कता पर्दछ।**

अन्य मुलुकको पर्यटन रणनीतिलाई नजिकबाट नियाल्ने हो भने पर्यटकको आगमन संख्यामा मात्र केन्द्रित नभई पर्यटकको बसाइ अवधिका साथै खर्च गर्ने शैलीलाई पनि ध्यान दिइएको पाइन्छ। यस्तो रणनीतिमा मात्रात्मक तथा गुणात्मक दुवै पक्षलाई उत्तिकै महत्त्वका साथ हेरिन्छ। एउटै मुलुकको भिन्न स्थानलाई पनि उत्पादन विविधीकरणको सिद्धान्तअनुरूप अलगअलग रूपले प्रस्तुत गर्दै बजारीकरण गरिन्छ। जहाँ एक स्थानलाई परिवारसहित बिदा बिताउने स्थलका रूपमा चित्रित गरिन्छ भने अर्को स्थानलाई साहसिक खेलको भूमि वा साथीभाइसँग रमाइलो गर्ने स्थानको रूपमा चित्रित गरिन्छ। यसरी गरीएको बजारीकरणले अलगअलग रूचिका व्यक्तिलाई एकै समयमा आकर्षित गर्न सकिन्छ। बजारीकरण रणनीतिको मूल ध्येय नै अलगअलग उमेर, लिंग, रुचिका पर्यटकलाई आकर्षित गर्नु हो। यसरी बजारीकरण गरिएको पर्यटन बजार बाह्रै महिना, बाह्रै काल चलिरहन्छ। सँगसँगै यस रणनीतिमा पर्यटकको बसाइलाई सुरक्षित र सहज बनाइ लम्ब्याउने मात्र नभएर मनोरञ्जनका नयाँनयाँ उत्पादनको विकास गर्दै तिनको खर्च गर्ने शैलीलाई पनि प्रभावित पार्ने प्रयास गरिन्छ। यसबाट अतिथिले अद्भूत सुखानुभूति मात्र प्राप्त गर्दैन, आतिथ्यले पनि आयमा बढोत्तरी गर्न मद्दत गर्दछ।

जसरी अन्य वस्तु तथा सेवाको पहिचानका साथै भिन्न उपस्थितिका लागि ब्रान्डिङ गरिन्छ, त्यसरी नै उच्च बिक्रीको लागि पर्यटनमा पनि अन्य वस्तु तथा सेवाको बजारीकरणमा जस्तै ब्रान्डको आवश्यकता पर्दछ। 'अतुलनीय भारत', 'ट्रूली एसिया, मलेसिया' जस्ता भारत तथा मलेसियाले आफ्नो फरक उपस्थितिका लागि गरेका ब्रान्डिङका केही उदाहरण हुन्। ब्रान्डिङ, उपभोक्ताका लागि उत्पादकद्वारा प्रस्तावित गुणस्तरीयताको प्रत्याभूति पनि हो। ब्रान्डले वस्तु तथा सेवाको सहज पहिचान त गराउँछ नै उपभोक्ताको आत्मसम्मान र आत्मविश्वासको तहलाई समेत उच्च राख्न सहयोग गर्दछ। फलस्वरूप वस्तु वा सेवाको सहज बिक्री सम्भव हुन जान्छ। बजारीकरणमा ब्रान्ड हुनु र नहुनुले ठुलो भिन्नता राख्छ। हुन त राष्ट्रको ब्रान्डिङ वस्तु वा सेवा जस्तो सरल हुँदैन, तथापि, ब्रान्डिङले राष्ट्रको बाँकी संसारसँग प्रभावकारी सञ्चार स्थापित गर्न महत्त्वपूर्ण योगदान पुर्‍याउँछ।

पर्यटन प्रवर्द्धनका लागि मात्र नभएर जनमानस र मिडियामा फैलिने नकारात्मक अफवाह चिर्नका लागि समेत पर्यटनको बजारीकरण आवश्यक हुन्छ। पर्यटन बजारमा आफ्नो मुलुकको शक्ति, कमजोरी, अवसर तथा चुनौतीको विश्लेषण गर्दै बजारीकरणसम्बन्धी नीति बनाउनु उपयुक्त ठहर्छ। विश्वको सर्वोच्च शिखर सगरमाथा, बुद्ध जन्मस्थल लुम्बिनी, पशुपतिनाथ मन्दिर, मनमोहक हिमशृंखला नेपाली पर्यटनका शक्ति हुन् भने कमजोर पूर्वाधार, तरलीकृत राजनीतिक अवस्था, शान्ति सुरक्षाको बिग्रँदो अवस्था आदि हाम्रा कमजोरीका रूपमा रहेका छन्।

यसका साथै मुलुकको राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक तथा प्राविधिक पक्षलाई समेत उत्तिकै ध्यानमा राखेर नीति निर्माण गरिनुपर्दछ। यसबाट विश्व बजारमा देखिएका पर्यटकीय सम्भावनालाई छोप्न सकिन्छ। प्रभावकारी बजारीकरण संयन्त्रले पर्यटकमा भ्रमण गर्ने मुलुकप्रति सकारात्मक धारणासँगै कौतुहलताको विकास गर्दछ। यही कौतुहलताले पर्यटकमा भ्रमणको उत्प्रेरणा जगाउँछ। हाल कायम द्वन्द्वग्रस्त पिछडिएको मुलुकको हाम्रो परिचयलाई चिर्दै प्रगतिपथमा लम्किँदै गरेको सुन्दर दक्षिण एसियाली मुलुकका रूपमा नेपालको ब्रान्डिङ हुनु अबको आवश्यकता हो। यसले नेपालको पर्यटकीय सम्भावनालाई गति त दिने छ नै, अन्तर्राष्ट्रिय जगत्मा धुमिल हुँदै गएको नेपालको पहिचानलाई चम्काउन पनि मद्दत गर्ने छ।

# आर्मीद्वारा जावलाखेल पराजित

**विजय नेपाल/राजधानी**
पोखरा, ७ माघ

त्रिभुवन आर्मी क्लब पोखरामा जारी १४औं आहा रारा गोल्ड कप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गरेको छ । बिहीबार पोखरा रंगशालामा भएको पहिलो चरणको तेस्रो खेलमा जावलाखेल युथ क्लबलाई २-० को गोलअन्तरले स्तब्ध पार्दै आर्मीले विजयी यात्रा सुरु गरेको हो । अघिल्लो संस्करणमा अन्तिम चारबाट बाहिरिएको आर्मी सातौं र आठौं संस्करणको भने विजेता हो ।

खेलको १० मिनेटमा आर्मीका लागि जितेन्द्र कार्कीले पेनाल्टीमार्फत गोल गर्दै टिमलाई अग्रता दिलाए । खेलको अन्तिम मिनेटसम्म सो गोलअन्तर कायम राखेको आर्मीले अन्ततः दोस्रो हाफको चौथो मिनेटमा थप गोल गर्दै जित सुनिश्चित गरेको हो । 'म्यान अफ दि म्याच' घोषित दीपक गुरुङले अतिरिक्त समयमा गोल गरेका हुन् । आर्मीले आगामी ११ माघमा रुस्लान थ्री-स्टार क्लबसँग प्रतिस्पर्धा गर्नेछ ।



*आर्मीका खेलाडी (रातो जर्सी) र जावलाखेलका खेलाडी बल आफ्नो पक्षमा पार्ने क्रममा ।* **तस्बिर : रिजन नेपाल**

सिमसिम पानी परिरहेको रंगशाला बेला भएको प्रतिस्पर्धात्मक खेलमा केही महत्त्वपूर्ण अवसर गुमाउन पुग्दा अन्ततः जावलाखेल प्रतियोगिताबाटै बाहिरिन पुग्यो । उसका लागि खेल सुरुआतमै विपक्षीलाई परेको पेनाल्टी अवसर दुर्भाग्य बन्यो । जावलाखेलका कालु थापाले खेलको ३२ मिनेटमा गरेको कडा प्रहार सीधै विपक्षी गोलकिपर सुशील श्रीवास्तवको हातमा परेपछि गोल हुन सकेन । १०औं संस्करणको उपविजेता जावलाखेलले यसपालि अधिकांश संकटा क्लबका खेलाडी ल्याएर मैदान छिरेको थियो ।

खेलपछि पोस्ट म्याच कन्फरेन्समा जावलाखेलका प्रशिक्षक राजकुमार केसीले विपक्षीलाई रेफ्री नवीन्द्र महर्जनले दिएको पेनाल्टी अवसर ठिक नभएको प्रतिक्रिया दिए । उनले भने, 'विपक्षीका लागि पेनाल्टी अवसर बन्यो, मलाई लाग्छ त्यो पेनाल्टी दिन नहुने हो ।'

उनले आफ्ना खेलाडीहरुले पाएका केही राम्रा अवसर सदुपयोग गर्न नसकेको बताए । खेलको ३ मिनेटमा आफ्नो लागि अग्रता लिने अवसरमा केटाहरू चुकेको बताए ।

जितपछि आर्मीका प्रशिक्षक मेघराज केसीले आगामी खेल अझै परिष्कृत हुने बताए ।

प्रतियोगिताअन्तर्गत शुक्रबार विभागीय नेपाल पुलिस क्लब र रमपम झापा-११ बीच खेल हुने आयोजक सहारा क्लब पोखराका महासचिव केशवराज बरालले जानकारी दिए ।

# सागमा पाकिस्तानको सर्त

**इस्लामाबाद/एजेन्सी–** भारतको गुहावटी र सिलोङमा हुने १२औं दक्षिण एसियाली खेलकुदमा सहभागी हुने आफ्ना खेलाडीका लागि पाकिस्तानले चार्टर्ड फ्लाइटमार्फत सीधै प्रतियोगिता हुने सहरमा जान अनुमति मागेको छ । उसले सुरक्षाका कारण सडक मार्गबाट नभई चार्टड फ्लाइटमार्फत खेलाडीलाई प्रतियोगिता आयोजना हुने सहरमा उतार्न माग गरेको हो ।

इस्लामाबाद र लाहोरको यात्रामा रहेको भारतीय प्रतिनिधिमण्डलसँग पाकिस्तान सरकार र पाकिस्तानको ओलम्पिक संघका पदाधिकारीले सो अनुरोध गरेका हुन् । पाकिस्तानबाट ४ सय ४४ खेलाडी तथा अफिसियल १२औं सागमा सहभागी हुँदै छन् ।

फ्लाइटमा आउने पाकिस्तानी नागरिकले दिल्ली र मुम्बईबाट मात्र प्रवेशको अनुमति पाउँदै आएका छन् ।

## सागका लागि अनलाइन टिकट बिक्री

**गोवाहाटी/एजेन्सी–** फेब्रुअरीको पहिलो साताबाट गुहावटी र सिलोङमा सुरु हुने १२औं दक्षिण एसियाली खेलकुदका लागि अनलाइन टिकट बुकिङ खुला भएको छ । आयोजक समितिले २३ ओटै खेलको अनलाइन टिकट बिक्री गर्ने योजना बनाएको छ । भेन्युमा रहेको टिकट काउन्टरमा पनि टिकट पाइने व्यवस्था रहेको अफिसियल विज्ञप्तिमा जनाइएको छ ।

बुधबारबाटै उद्घाटन समारोहको टिकट बिक्री सुरु भइसकेको छ । १२ दिनसम्म चल्ने प्रतियोगिताको सारुसाजाइ स्पोर्टस कम्प्लेक्समा उद्घाटन कार्यक्रम हुने छ ।

उद्घाटन सामारोहको अवलोकन गर्नका लागि १ सय ५० देखि २ सय ५० सम्मको टिकट रहेको छ । समापन समारोहका लागि १ सय र २ सय भारतीय रुपैयाँको टिकट रहेको छ । विभिन्न खेलका लागि भिन्नाभिन्नै मूल्यको टिकट रहेको छ । कम्तीमा १० भारतीय रुपैयाँको टिकट रहेको छ ।


**नेपाल निर्माण व्यवसायी महासंघ**
अनामनगर, काठमाण्डौं
फोन नं.४२१८१८७, ४२१८१५९, ४२२१६११

**कोटेशन आव्हान**

प्रथम पटक प्रकाशित मिति २०७२/१०/०८

यस महासंघको लागि २०७३ सालको १०,००० थान क्यालेण्डर छपाई गर्नु पर्ने भएकाले इच्छुक छापाखाना फर्म/कम्पनीहरुले उद्योग दर्ता प्रमाण-पत्र,स्थायी लेखा नम्बर, कर चुक्ता प्रमाण- पत्र सहित आउने कबुल गरेको रकमको ५% रकम धरौटी स्वरुप बैंक ग्यारेन्टी वा नगद सहित १० दिन भित्र कोटेशन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि महासंघको सचिवालयमा सम्पर्क राख्नुहोला ।

(रामशरण देउजा)
महासचिव


# उपाधि खडेरी तोडिने अपेक्षा

**प्रकाश कँडेल/राजधानी**
काठमाडौं, ७ माघ

निरन्तर ओरालो लागेको नेपाली फुटबलमा सम्भावना पनि रहेको सन्देश छोड्दै १७ वर्षपछि कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगिताको फाइनलमा पुगेको नेपाली राष्ट्रिय फुटबल टिम शुक्रबार बहराइनको यू-२३ विरुद्ध बंगबन्धु गोल्डकोपको उपाधिका लागि भिडन्त गर्दै छ ।

२३ वर्षको उपाधि खडेरीको अन्त गर्नुपर्ने चुनौती नेपाली टिमलाई रहँदा सागअघिको सनसनीपूर्ण फाइनल यात्रा स्मरणीय रहनेछ । बहराइनविरुद्धको बहुप्रतीक्षित खेलमा नेपालले माल्दिभ्सविरुद्धको प्रदर्शन दोहोऱ्याउँदै उपाधि जित्नु मुख्य चुनौती रहनेछ । माल्दिभ्सलाई ४-१ फराकिलो हार चखाउँदै फाइनल पुगेको नेपालले आयोजकलाई १-० ले पराजित गरेर उपाधि भिडन्त तय गरेको बहराइनविरुद्धको खेल भने सहज हुने छैन । नेपाल प्रतियोगितामा अपराजित रहँदै फाइनल प्रवेश गरेको हो ।



माल्दिभ्सविरुद्धको खेलमा चम्किएका युवा स्टारले बहराइनविरुद्ध कस्तो प्रदर्शन गर्छन् त्यो भने शुक्रबार हुने फाइनलले तय गर्नेछ । अधिकांश युवा खेलाडी रहेको टिममा टिमले साफ च्याम्पियनसिपको खराब नतिजा बिर्साउँदै फाइनल प्रवेश गऱ्यो यद्यपि उपाधिको प्रतीक्षा भने अझै बाकी नै रहेको छ । १९९९ पछि पहिलो पटक कुनै पनि अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिताको उपाधिनजिक पुगेको नेपालका लागि १९९३ दोहोऱ्याउनु अबको लक्ष्य हुनेछ । अनुभवी स्टार विराज महर्जनको कप्तानीमा रहेको टिमलाई १९९३ को उपाधि विजेता टिमका सदस्य रहेका पूर्वफुटबलर बालगोपाल महर्जनले सम्हालिरहेका छन् यस्तोमा यो उपाधि जितेमा उनका लागि पनि कोसेढुंगा हुनेछ ।

नेपालको पछिल्लो उपाधिका रूपमा दक्षिण एसियाली महासंघीय खेलकुदका रुपमा १९९३ मा स्वर्ण जितेको थियो बंगबन्धु रंगशालामै स्वर्ण जितेको नेपाल पुनः शुक्रबार सोही रंगशालामा एक अर्को उपाधिका लागि मैदान उत्रिँदा पुरानो इतिहास दोहोरिनेमा प्रशिक्षक बालगोपाल मर्हजन आत्मविश्वासी छन् । उनी भन्छन्, 'चुनौती हाम्रा लागि निकै धेरै छ यद्यपि उपाधि जित्दै लामो उपाधि अभाव टार्नेतर्फ हाम्रो ध्यान केन्द्रित हुनेछ' उनले भने, 'फाइनल जितेमा नेपाली फुटबलको अर्को अध्याय सुरु हुनेछ ।' उनले १७ वर्षपछि पाएको यो उपलब्धि स्मरणीय रहे पनि यसलाई थप सम्झन योग्य बनाउन पनि जित्नैपर्ने मत राखे । उनले यो जितले फुटबलमा पछिल्लो समय आएका खराब समाचार छायामा पर्ने भन्दै समर्थक पुनः एकपटक फुटबलको खुसीमा रमाउने विश्वास व्यक्त गरे ।

उमेर समूहमा गत संस्करणको यू-१९ साफ च्याम्पियनसिपको उपाधि घरमै राख्न सफल भएको नेपाली टिमका मुख्य प्रशिक्षकको जिम्मेवारी सम्हालेका महर्जन आफ्नो एक अर्को अध्यायको सुखद सुरुआत गर्ने ध्याउन्नमा रहेका छन् । नेपालका तर्फबाट सर्वाधिक क्याप जितेका महर्जन बेल्जियमका प्याट्रिक ओसेम्सेले असन्तुष्टि जनाउँदै नेपाल नफर्कने बताएपछि मुख्य प्रशिक्षकको जिम्मेवारी सम्हाल्दै ढाका पुगेका हुन् ।


Government of Nepal
Ministry of Federal Affairs and Local Development
Office of the District Development Committee
District Technical Office
Decentralized Rural Infrastructure and Livelihood Project (DRILP-AF)
*(ADB Loan No. 2796 NEP(SF)/OFID Loan 1442P)*
District Project Office
Okhaldhunga

Notice of the Intent of Acceptance

(First Publication Date: (22 January, 2016)

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the contract DRILP-AF/OKH/KSR/NCB/04 as per the Invitation for Bids published in the national daily newspaper "The Rajdhani National Daily" on 06 August, 2015, that the following listed Lowest Evaluated Substantially Responsive Bidders have been selected to award the contract.

| Contract Number | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including VAT) |
|---|---|---|
| DRILP-AF/OKH/KSR/NCB/04 | M/S Atlas Nana JV, Kathmandu | 60,385,137.19 |

District Project Manager
District Project Office,
Okhaldhunga


## कराँते हुने

**काठमाडौं/रास–** उपत्यकाका ३ डोजोको संयुक्त आयोजनामा 'कमल ढकाल स्मृति खुला कराँते प्रतियोगिता हुने भएको छ । राजधानीको टेकुस्थित पचली भैरव डोजोमा आगामी १२ माघमा प्रतियोगिता हुने तय भएको श्रीकृष्ण डोजो दहचोकका प्रशिक्षक सागर शाहीले बताए ।

कराँते खेलाडी ढकालको स्मृतिमा हुने सो प्रतियोगितामा उपत्यकाका ३ सय बढी खेलाडीको सहभागिता रहने कार्यक्रम संयोजक महेश नेवाले बताए । प्रतियोगितामा पुरुषतर्फ १५ देखि ५५ केजी समूह र महिलातर्फ ४० देखि ५० वर्ष उमेर समूहका खेलाडीको सहभागिता रहने अर्का संयोजक राजाराम मुलले बताए ।

प्रतियोगिताको आयोजना पचली भैरव डोजो, श्रीकृष्ण डोजो र जलजला डोजोको संयुक्त आयोजनामा हुने कार्यक्रमको संयोजन अमितजंग नकर्मी र ठाकुर कुमार श्रेष्ठलगायतले गरिरहेका छन् ।

## फुटसलमा १६ टोली

**काठमाडौं/रास–** टिम अफ प्रोग्रेसिभ स्कुलको आयोजनामा प्रथम अन्तरविद्यालय फुटसल प्रतियोगिता शनिबार हुने भएको छ । प्रतियोगितामा सिनियर र जुनियर ब्वाइजमा समान ८/८ गरी जम्मा १६ टिमको सहभागिता रहने आयोजकका संयोजक सुरेश घर्ती मगरले जनाएका छन् ।

# सार्वजनिक संस्थान खेलकुद हुने

**काठमाडौं/रास–** सार्वजनिक संस्थान खेलकुद संघ नेपालको आयोजनामा नवौं सार्वजनिक संस्थान खेलकुद प्रतियोगिता टेलिकम कप-२०७२ माघ १५ गतेदेखि हुने भएको छ ।

नेपाल टेलिकमको मुख्य प्रायोजनमा हुन लागेको प्रतियोगितामा दौड र बुद्धिचालतर्फ प्रतिस्पर्धा हुने आयोजक संघका महासचिव रामविनय श्रेष्ठले जनाएका छन् ।

दौडलाई दुई समूहमा विभाजन गरी प्रतिस्पर्धा हुनेछ । पुरुष/महिलातर्फ क्रमशः १० र ५ किलोमिटर दुरीमा खुला र कर्मचारीतर्फ प्रतिस्पर्धा हुनेछ । खुलामा राष्ट्रियस्तरका खेलाडीसमेतले भाग लिन पाउनेछन् । कर्मचारीतर्फ सार्वजनिक संस्थान, स्थानीय निकाय, दूरसञ्चार प्रदायक कम्पनी, एयरलाइन्स तथा 'क' वर्गका बैंकमा कार्यरत कर्मचारी समावेश हुन पाउने प्रावधान छ ।

दौडतर्फ कुल पुरस्कार राशि १ लाख ६० हजार रुपैयाँ रहेको छ । खुलातर्फ पहिलो हुनेले २५ हजार, दोस्रोले १५ हजार र तेस्रोले १० हजार नगद पुरस्कार प्राप्त गर्नेछन् । कर्मचारीतर्फ शीर्ष ३ स्थान हात पार्ने पुरुष/महिलाले क्रमशः १५ हजार, १० हजार र ५ हजार नगद पुरस्कार हात पार्नेछन् ।

# महामञ्जुश्री र चाँदबाग च्याम्पियन

**काठमाडौं/रास–** महामञ्जुश्री र चाँदबाग स्कुलले उमेर समूह अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा उपाधि जितेका छन् । बिहीबार भएको यू-१४ ब्वाइजतर्फ मीन बुढामगरको उत्कृष्ट प्रदर्शनबाट महामञ्जुश्रीले अक्सिडेन्टल पब्लिक स्कुलमाथि २०-१८ को रोमाञ्चक जित निकाल्यो ।

बुढा मगरले फाइनल खेलमा सर्वाधिक १७ स्कोरको योगदान दिएका थिए । सोही समूहमा चाँदबाग स्कुल तेस्रो भयो । उसले आयोजक भानुभक्तलाई १७-१२ ले पराजित गरेको थियो ।



भानुभक्त मेमोरियल उमाविको स्वर्ण महोत्सवका अवसरमा आयोजित सप्ताहव्यापी खेलकुद कार्यक्रमअन्तर्गत यू-१४ गर्ल्स तर्फको फाइनलमा चाँदबाग स्कुलले अक्सिडेन्टल पब्लिक स्कुललाई २५-२ ले हरायो । विजयी टिमका लागि रश्मि बुढाले १३ स्कोर गरिन् । सो समूहमा भानुभक्त स्कुल तेस्रो भयो । महोत्सवअन्तर्गत शुक्रबार अन्तरविद्यालय ब्वाइज फुटबलको फाइनल खेल हुनेछ ।


Jagdamba Hospitality Group Pvt. Ltd. बाट निर्माण गरिने होटल तथा रेष्टुरेन्ट योजनाको प्रस्ताव कार्यान्वयनको सिलसिलामा तयार गरिने वातावरणीय प्रभाव मूल्याङ्कनका (EIA) क्षेत्र निर्धारण (Scoping) बारे

**सार्वजनिक सूचना**

प्रकाशित मिति: २०७२/१०/८

**प्रस्तावको व्यहोरा:** काठमाण्डौ जिल्लाको काठमाण्डौ महानगरपालिका वडा नं. १, नक्सालको कित्ता नं. १३०७, १३०८, २६८३, २६८६ को करीब ४ रोपनी १२ आना क्षेत्रफलमा फैलिएको जग्गामा १७५ कोठा र गाडी पार्किङ्ग सहितको होटल तथा रेष्टुरेन्ट भवन निर्माण गर्ने कार्यक्रम रहेको छ ।

उक्त आयोजना कार्यान्वयनको शिलशिलामा बातावरण संरक्षण नियमावली २०५४ (सम्सोधन सहित) को अनुसूची २ बमोजिम बातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने भएको छ । सोही नियमावलीको नियम ४ बमोजिम सो प्रस्तावको कार्यान्वयनबाट स्थानीय भौतिक, जैविक, सामाजिक, आर्थिक एवं सांस्कृतिक बातावरणमा के कस्ता प्रभाव पार्न सक्दछ भन्नेबारे क्षेत्र निर्धारण (Scoping) गर्ने सिलसिलामा सो स्थानको नगरपालिका, विद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव गरिदिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाव दिने ठेगाना:**
Proponents Full Name: Dilip Nai Ram Singh
Proponents Full Address: Kathmandu, 35
Mobile: 9841581856
E-mail: dhamidilip5@yahoo.com


**राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा** प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आषिश शेरचन**, सम्पादक : **राजन शर्मा**